
# लेखापरीक्षण प्रतिवेदन

# माडी नगरपालिका, चितवन

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## माडी नगरपालिका, चितवन

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/325

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
चितवन।

**कैफियतसहितको राय**

हामीले माडी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएकोआर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान नगदमा आधारितर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम) सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

**१.** नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.२०करोड १६ लाख ४३ हजार, सामाजिक विकास कार्यक्रमको रु.३ लाख ७५ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ५० लाख र अन्य विषयगत निकाय रु १ लाख समेत गरी रु. २० करोड ७१ लाख १८ हजार समावेश गरेको छैन।

**२.** नगरपालिकाको रु. २ अर्ब ४ करोड ४१ लाख ९४ हजार लेखापरीक्षण गरिएकोमा रु. २ करोड ३८ लाख ९१ हजार बेरुजू देखिएकोमा रु. २४ लाख ३२ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजु २ करोड १४ लाख ५९ हजार रहेको छ ।सो मध्ये असुल गर्नुपर्ने रू. २२ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४७ लाख ९५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ४३ लाख ७४ हजार रहेको छ।पालिकाको गत वर्ष सम्म रु. ४६ करोड १५ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष सम्परीक्षणबाट बेरुजू फछ्र्यौट नभई हालसम्मको अद्यावधिक बेरुजू रु. ४८ करोड १४ लाख ७४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

**३.** नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४,१७,सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने माडी नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

### अन्य वेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्य अनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी माडी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८८ | १५८ | २,३८,९१,१९२ | ० | ३० | २४,३२,२०६ | ० | ८८ | १२८ | २,१४,५८,९८६ | २२,९०,०११ | १,४३,७४,००१ | ४७,९४,९७४ | ० | ० | १,९१,६८,९७६ | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चितवन | ४६,००,१५,००० | 0 | 0 | ४६,००,१५,००० | 0 | २,१४,५८,९८६ | ४८,१४,७३,९८६ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३५ | स्रोत कक्षा व्यवस्थापन अनुदान | ८,००० |
| २ | २०८०/८१ | ५ | समपुरक लागत सहभागिता नपुगेको | ११,३८,९१० |
| ३ | २०८०/८१ | ३९ | शिक्षक तलब | ८,८४६ |
| ४ | २०८०/८१ | ३७ | विद्यालय सुधार योजना तथा आर्थिक लेखापरीक्षण | ९०,००० |
| ५ | २०८०/८१ | ५४ | बढी दरमा वैठक भत्ता | ४,२५० |
| ६ | २०८०/८१ | ३६ | दिवा खाजा | १०,४२,३६७ |
| ७ | २०८०/८१ | ३४ | छात्रवृत्ति वितरण | ६०,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ५७ | कार्यालयमा हाजीरी समयमा भ्रमण भत्ता | १०,८०० |
| ९ | २०८०/८१ | ४ | कर दायित्व दाखिला | ६९,०३३ |
| जम्मा | | | | २४,३२,२०६ |

# (८०३३१४०३३०० - माडी नगरपालिका, चितवन )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गरी स्थानीय सरकारका काम कारबाहीमा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित हुने गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ। स्थानीय शासन पद्धति सुदृढ गरी विधायकी कार्यकारणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नगरवासीलाई गुणस्तरीय सेवा सुविधा उपलब्ध गराउने क्रियाकलापमा पालिका क्रियाशील रहेको छ। यस पालिकामा ९ वडा रहेका छन्, ४९ सभा सदस्य तथा क्षेत्रफल २१८.६ वर्ग किलोमिटर तथा जनसङ्ख्या ३७५०० रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।२५ देखि २०८१ ।८।२८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु.२०४४१९४१७७, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. २०४४१९४१७७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२७९७१६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| भौ न र मिति | नाम | बैङ्कको नाम | रकम | खाताको प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| ६१।०८०।६।५ | बघौडा अस्पताल | राष्ट्रिय वाणिज्य बैंक | १६०००० | नगरपालिका चालु | सुत्केरी पोषण भत्ता बढि निकासा फिर्ता |
| ६१।०८०।६।५ | आ स्वास्थ्य केन्द्र हनुमानझुला माडि | राष्ट्रिय वाणिज्य बैंक | ६०००० | नगरपालिका चालु | सुत्केरी पोषण भत्ता बढि निकासा फिर्ता |
| | अयोध्यापुरी स्वास्थ्य चौकी | राष्ट्रिय वाणिज्य बैंक ( २०८१।९।८ ) | ३०००० | न पा चालु | सुत्केरी पोषण भत्ता बढि निकासा |
| | राधिका चौधरी | राष्ट्रिय वाणिज्य बैंक ( २०८१।९।२ ) | २९७१६ | कोलेनिका वेरुजु खाता | राधिका चौधरी तलव बढी निकासा ( ३८५६२ मध्ये २९७१६ मात्र दाखिला भई ८८४६ बाँकि रहेको ) |
| | | जम्मा | २७९७१६ | | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण परीक्षण**

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) र वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ मा भएको समग्र संचित कोषको सम्बन्धमा निम्नअनुसार देखिएको छः

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, चितवन
कार्यालयको कोड : ८०३३१४०३३००
वित्तीय प्रतिवेदन
आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार जम्मा | गत आ.ब. को कारोबार जम्मा |
|---|---|---|---|
| राजस्व, अनुदान र अन्य प्राप्ति | | | |
| ११००० | कर | २०, १४ , ८७ , १२०.२७ | १९, ७८ , ६६ , ३०६.९४ |
| १३००० | अनुदान | ५०, ३९ , २७ , ८६३.४२ | ५२, ३६ , २९ , ४०५.७३ |
| १४००० | अन्य राजस्व | ५, ५९ , ३२ , ८५५.७२ | ६, ८७ , ७९ , ७०२.८२ |
| १५००० | विविध प्राप्ति | ० | १७, ८४ , ५००.०० |
| क | कुल जम्मा प्राप्ति | ७६, १३ , ४७ , ८३९.४१ | ७९, २० , ५९ , ९१५.४९ |
| ३ | चालु | ५०, ९८ , ८७ , २६३.५१ | ६१, ९६ , ७४ , ६९५.९६ |
| २१००० | पारिश्रमिक / सुविधा | ३२, २३ , ०३ , ६६६.५४ | ३०, ४० , ९१ , ५४५.०८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १२, ७५ , ५० , ८२२.६६ | १८, ३४ , ६८ , १६१.१६ |
| २५००० | सहायता (Subsidy) | २, ३४ , ०० , ०८७.७३ | १, ७४ , ७६ , ६४४.८० |
| २६००० | अनुदान | ४८, ८९ , ४३४.८६ | १, ६० , ०१ , ९९८.८० |
| २७००० | सामाजिक सुरक्षा | २, ८० , ४८ , ३८५.७२ | १, २७ , ८७ , ८८०.१३ |
| २८००० | अन्य खर्च | ३६, ९४ , ८६६.०० | ८, ५८ , ४८ , ४६५.९९ |
| ४ | पूंजीगत | २६, ८४ , ९७ , ०८७.५६ | ३०, ७७ , ४६ , ४११.८९ |
| ३१११० | भवन तथा संरचना | ५, ८९ , ४८ , ५५३.३८ | ८७, १७ , ५०८.७६ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | ८९, ३६ , २७५.४१ | १, २४ , ११ , ९६०.०६ |
| ३११३० | अन्य पूँजीगत खर्च | २, ०३ , १९ , २५०.७८ | १, ७१ , ६५ , ९३२.२९ |
| ३११४० | सुरक्षा उपकरण | ० | १२, ९९ , ७५०.०० |
| ३११५० | सार्वजनिक निर्माण | १७, ३३ , ६८ , ३६४.५२ | २६, १६ , १५ , ६५३.२४ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ५३, ३० , ५१५.५१ | ६५, ३५ , ६०७.५४ |
| ३११७० | पूँजीगत सुधार खर्च | १५, ९४ , १२७.९६ | ० |
| ख) | कुल जम्मा भुक्तानी | ७७, ८३ , ८४ , ३५१.०७ | ९२, ७४ , २१ , १०७.८५ |
| ग) | बचत /कमी (ग = क-ख ) | (१ , ७० , ३६ , ५११.६६) | (१३ , ५३ , ६१ , १९२.३६) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १३, ७४ , ६६२.९४ | २५, १५ , ७०६.२६ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | -३९,१०६.११ | -२९,९२६.८४ |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (१ , ५६ , ६१ , ८४८.७२) | (१३ , २८ , ४५ , ४८६.१०) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ४, ९४ , ०२ , ९९९.५९ | १८, २२ , ४८ , ४८५.६९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |

| | | | |
|---|---|---|---|
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ३, ३७ , ४१ , १५०.८७ | ४, ९४ , ०२ , ९९९.५९ |

**वित्तीय विवरणको यथार्थता** - स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ -२_ मा स्थानिय तहले महालेखापरीक्षकवाट स्विकृत भएवमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ । सोही प्रणालिबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । सामाजिक सुरक्षाको रु२०१६४३००४।००, सामाजिक विकास कार्यक्रमको रु३७५०००, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु ५०००००० तथा अन्य विषयगत निकाय समेतको जम्मा रु २०७०१८००४।०० को सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको छ । एकिकृत आर्थिक विवरण र सुत्रअनुसारको प्रतिवेदनमा फरक देखिएको जिम्मेवारी अ ल्या, प्राप्ति एवं भुक्तानीको हिसाव भिडान गरी बैंक मौज्दात् को फरक परेको हिसाव समायोजन गर्नुपर्दछ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गरी वित्तिय प्रतिवेदन र लेखांकनमा तोकिएअनुसारका वित्तिय विवरण र खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति यकिन गर्ने र आम्दानी खर्चमा पारदर्शिता कायम गरिनुपर्दछ ।

एकिकृत आयव्यय विवरण

आ.व २०८०।८१

माडि नगरपालिका

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ४९४५०९२६ | १ | चालु खर्च | ५०९८८७२६४ | ७७८३८४३७१ |
| | क) बैंक (संचित कोष) | ३५५०४४७१ | | २ | पूँजीगत खर्च | २६८४९७१०८ | |
| | ख) धरौटी | १०५५१२६० | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग) आकस्मिक कोष | १२४०९९३ | | ४ | धरौटी फिर्ता | ५६२२४८० | ५६२२४८० |
| | घ) प्रकोप व्यवस्थापन कोष | १३७२८ | | ५ | जनश्रमदान फिर्ता | ० | |
| | ङ) विविध खाता | २१४०४७४ | | ६ | कोष खाता खर्च | | ४८७१८०५ |
| २ | राजस्व ( आन्तरिक आय) | | २५७४१९९७६ | | ख) प्रकोप व्यवस्थापन कोष | ५०४९२६ | |
| | क) आन्तरिक राजस्व | ६३३११०१२ | | | ग) विविध खाता | ३४४४५०३ | |
| | ख) राजस्व बाँडफाँड | १९४१०८९६४ | | ७ | मौज्दात | | २९७९१२६५ |
| | ग) अन्य आय | | | | क) बैंक मौज्दात | १७३४५८७० | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ४५४७७००९५ | | ख) धरौटी मौज्दात | १२४४५३९५ | |
| | क) वित्तिय समानीकरण अनुदान | ११२९९५००० | | ८ | शसर्त अनुदान फिर्ता | | ३३४९४२९५ |
| | ख) सशर्त अनुदान | ३२२९९९८०० | | | क) संघिय अनुदान फिर्ता | २९५०९७९५ | |
| | ग) समपूरक अनुदान | ४५७७५०० | | | ख) प्रदेश अनुदान फिर्ता | ३९८४५०० | |
| | घ) विशेष अनुदान | १४१९७७९५ | | ९ | कोष खाताको मौज्दात | | २८२७७९६ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ८२६५२०६३ | | क) आकस्मिक कोष | ३१८६१८ | |
| | क) वित्तिय समानीकरण अनुदान | १२४८४००० | | | ख) प्रकोप व्यवस्थापन कोष | ८८०२ | |
| | ख) सशर्त अनुदान | ३६७९८००० | | | ग) विविध खाता | २५००३७६ | |
| | ग) समपुरक अनुदान | २६२२६६१८ | | १० | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५०००००० | ५०००००० |
| | घ) विशेष अनुदान | ७१४३४४५ | | ११ | सामाजिक सुरक्षा | २०१६४३००४ | २०१६४३००४ |
| ५ | विभिन्न कोषतर्फको आय | | ४३०४४०५ | १२ | सामाजिक विकास कार्यक्रम | ३७५००० | ३७५००० |
| | क) आकस्मिक कोष | | | १३ | विविध खर्च | ११२२०७० | ११२२०७० |
| | ख) प्रकोप व्यवस्थापन | ५००००० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कोष | | | | | | |
| | ग) विविध खाता | ३८०४४०५ | | | | | |
| ६ | धरौटी आय | ७५१६६१५ | ७५१६६१५ | | | | |
| ७ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ५०००००० | ५०००००० | | | | |
| ८ | स्थानिय पूर्वाधार | ० | ० | | | | |
| ९ | सामाजिक सुरक्षा | २०१६४३००४ | २०१६४३००४ | | | | |
| १० | सामाजिक विकास कार्यक्रम | ३७५००० | ३७५००० | | | | |
| | जम्मा | १०६३१३२०८५ | १०६३१३२०८५ | | जम्मा | १०६३१३२०८५ | १०६३१३२०८५ |

*सुत्रको प्रतिवेदन र एकिकृत आर्थिक विवरण तुलना*

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ४९४०३००० | ७६१३४७८३९ | ७७८३८४३५१ | ३३७४११५१ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४९४५०९२६ | १०१३६८११५९ | १०३०५१३०२४ | ३२६१९०६१ |
| फरक | -४७९२६ | -२५२३३३३२० | -२५२१२८६७३ | ११२२०९० |

२.३ पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार मौज्दात् जिम्मेवारी रु. ४९४६८९२६।४३ रहेकोमा यस वर्ष पालिकाले सुत्रमा जम्मा रु. ४९४०२९९९।५९ र एकिकृत आर्थिक विवरणमा रु ४९४५०९२६ मौज्दात् जिम्मेवारी सारेको छ । यसरी सुत्रमा कम जिम्मेवारी सारेको रु ६५९२६।८४ र एकिकृत आर्थिक विवरणमा कम जिम्मेवारी सारेको रु १८०००.४३ का सम्वन्धमा पालिकाले यकिन गरेर जिम्मेवारीको हिसावमिलान गर्नुपर्दछ ।

२.४ पालिकाले तयार गरेको आय व्यय विवरणमा आ व २०८०।८१ को मौज्दात् रु ३,२६,१९,०६१ रहेको जनाएकोमा सोहि आर्थिक वर्षको सुत्रअनुसारको मौज्दात् रु ३,३७,४१,१५०.८७ देखिएको छ । यसरी सुत्रअनुसारको मौज्दात् र एकिकृत आयव्ययको मौज्दात् फरक परेको रु.११२२०९० (घटी वैंक मौज्दात् को) सम्वन्धमा पालिकाले यकिन गरी हिसावमिलान गर्ने र वास्तविक वित्तिय विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२.५ स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ (२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेअनुसार श्रेस्ता तथा बैंक अनुसारको मौज्दात् फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी हिसावमिलान गर्नुपर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार २०८१ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८१ असार मसान्तको बाँकी |
|---|---|---|
| सञ्चित कोष | १८५०७०६६ | १७३४५८७० |
| चालु खाता | ० | ० |
| पूँजीगत खाता | ० | ० |
| मर्मत खाता | ० | ० |
| कल्याण कोष तथा विविध कोष खाता | २५००३७६ | २५००३७६ |
| प्रकोप व्यवस्थापन कोष खाता | ८८०२ | ८८०२ |
| आकस्मिक कोष खाता | ३१८६१८ | ३१८६१८ |
| नगर सरसफाई कोष खाता | ० | ० |
| धरौटी खाता | १२४४५३९५ | १२४४५३९५ |
| जम्मा | ३३७८०२५७ | ३२६१९०६१ |

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रु.३३७८०२५७ वाँकि रहेकोमा वैंकमा जम्मा रु.३२६१९०६१ मौज्दात् देखाएको छ । यसरी बैंक भन्दा श्रेस्तामा बढि मौज्दात् देखिएको रु.११६११९६ का सम्वन्धमा पालिकाले यकिन गरी हिसावमिलान गर्नुपर्दछ ।

२.६ पालिकाले एकिकृत आयव्ययको व्ययतर्फ विविध खर्च रु.११,२२,०७० जनाएकोमा उक्त खर्चको प्रयोजन खुल्दैन । विविध शिर्षकको खर्च पारदर्शि हुनुपर्दछ । कुन प्रयोजनको लागी के कति खर्च भएको हो सो को यथार्थता नखुलेकोले पालिकाले यकिन गर्नुपर्ने देखिन्छ ।

२.७ **आय व्यय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस नगरपालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तिम दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न नगरपालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएकोले आषाढ मसान्तको मौज्दात् को आधारमा आर्थिक विवरण प्रस्तुत गर्नुपर्दछ ।

२.८ **NPSAS मा आधारित आर्थिक विवरण तयार नगरेकोः-**

महालेखा नियन्त्रक कार्यालयले २०८१/४/२८ मा सबै पालिकालाई नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानदण्ड अनुसारको वित्तीय विवरण तयार गर्न परिपत्र गरेको छ।महालेखापरीक्षकको कार्यालयबाट एकिकृत वित्तीय प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि ढाँचा समेत स्वीकृत गरेको छ। तर सो अनुसार प्राप्ति र भुक्तानीको तुलनात्मक विवरण तथा बजेटको तुलनात्मक विवरण तयार गर्नुपर्नेमा गरेको पाइएन। पालिकाले नेप्सासमा आधारित वित्तीय विवरण तयार गर्नुपर्दछ । साथै आर्थिक विवरण सम्वन्धी सुधार गर्नुपर्ने अन्य व्यहोरा देहायबमोजिम छन् ।

(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिएको छ।

(ख) लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

३ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल हुन नसकेकोले सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका कैफियत व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यून तम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सो नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले खर्चको कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई समयमा दिएको पाइएन ।

• पालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य योजनाको आयोजना बैंक (Project bank) खडा गरेको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गरी जिन्सि व्यवस्थापन अद्यावधिक गर्नु पर्नेमा गरेको पाईएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरी वडागत रुपमा बजेटको आधारमा योजना स्विकृत गरी कार्यान्वियन गर्दै आएकाले वजेट तथा कार्यक्रमको

प्राथमिकिकरण हुन सकेको छैन ।

•अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको छैन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

•सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन संयन्त्र मार्फत् कार्यान्वियन भएको छैन ।

• बैठक भत्ता भुक्तानी गर्दा आमन्त्रितको संख्या निर्देशिकाले तोके भन्दा बढी राखी भत्ता भुक्तानी गर्ने गरेको छ ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा भ्रमण अभिलेख खाता नराखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• शिर्षक फरक पारी असम्वन्धित र असान्दर्भिक खर्च लेख्ने गरेको,

• डोर हाजिर फाराम प्रमाणित नगरी भुक्तानी दिने गरेको ।

• रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको तथा आर्थिक वर्षअनुसारका रसिद ठेलिहरु वाँकि, खर्च र आम्दानी ठेली संख्याको चेकजाँच नगरेको

• हाजिरी रजिष्टर अद्यावधिक नगरेको, हाजिरी केरमेट गरेको तथा विदा काज लगायतका विवरण अद्यावधिक नगरेकोले काज तथा हाजिरीमा कैफियत देखिएको

• ईन्धन खर्चको सरकारी सम्पत्ती अभिलेख प्रणाली (पाम्स) मा दाखिला रेकर्ड नराखेको

• जिन्सि निरीक्षण प्रतिवेदन सरकारी सम्पत्ति अभिलेख प्रणाली -पाम्समा नराखेको

• वडाहरुले खरिद गरेका अधिकांश जिन्सि सामानमा संकेत तथा नंवर कायम नगरेको

• वडाले खरिद गरेका सामान पाम्समा दाखिला नगरेको तथा हस्तान्तरण गरेका केहि सामानको हस्तान्तरण फाराम वेगर खर्च घटाएको,

• कन्टिन्जेन्सी रकमको खर्च र आम्दानी सम्वन्धमा अभिलेख नराखेको

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर मुल्यांकन भएकोले तत्काल कायम हुने गरी आन्तरिक नियन्त्रण निर्देशिका जारी गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय आन्तरिक नियन्त्रण कायम गरी सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ ।

## ४ कर दायित्व दाखिला

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **६९,०३२.९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५ **समपुरक लागत सहभागिता नपुगेको**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,१३८,९१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ७७(२) मा स्थानीइ तहले आर्थिक कारोवारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको १ महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । तर पालिकाले आन्तरिक लेखापरीक्षण शाखा नै गठन गर्न नसकेको कारण यस वर्षको आर्थिक कारोवारको आ.ले.प. गराएको छैन । कानुनमा तोकिए वमोजिम आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउने तर्फ ध्यान दिनु पर्दछ ।

७ **पालनाको लेखापरीक्षण**

७.१ **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु. ९८ करोड ३८ लाख ६९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना तर्जुमा अख्तियारी प्रदान लगायतका कार्यको व्यवस्थापन समयमा नै सम्पन्न भएकोले नगरपालिकाले सेवा प्रवाहमा सहजता ल्याउनुपर्दछ ।

७.२ **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन नहुँदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम हुन सकेको छैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७.३ **बजेट सीमा निर्धारण समिति:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन नगरेको कारण वजेट सिमा तोकेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७.४ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ७८९२९१५८ | ६४०१८२०८ | ८ |
| २ | पूर्वाधार विकास | २०१९१५५२४ | १५५५१४१३८ | २० |
| ३ | सामाजिक विकास | ४५४४०६७०५ | ३८९१७८६१३ | ५० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १२२९२२६७ | ८६९३६४४ | १ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २३६३२५०७३ | १६०९७९७४८ | २१ |
| | कुल जम्मा | ९८३८६८७२५ | ७७८३८४३५१ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५० प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन सबै भन्दा घटी अर्थात् १ प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका तोकेको आर्थिक विकासतर्फ ८ प्रतिशत र पूर्वाधार विकासतर्फ २० प्रतिशत मात्र खर्च गरेकोले आर्थिक तथा संस्थागत विकासतर्फ थप वजेट विनियोजन तथा खर्चलाई प्राथमिकता दिनुपर्दछ ।

७.५ **आवधिक योजनाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन योजनालाई भन्दा सालवसाली योजनाहरुलाई समावेश गरी कार्यान्वयन गर्दै आएको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७.६ **योजना प्राथमिकीकरणः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागितामुलक, स्थानीय स्रोत र साधन उपयोग हुने, समावेशी विकास, दिगो र वातावरण संरक्षण, भाषिक र सांस्कृतिक विकासलाई प्राथमिकतामा राखेको छ र सोही अनुसार प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्दछ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार वडा र पालिकास्तरका योजनामा वजेट विनियोजन गरेकोमा निम्नानुसार ३७१ वटा योजनामा खर्च लेखेको पाईयो । विनियोजित बजेटबाट सम्पन्न भएका योजनाको विवरण निम्न बमोजिम रहेको छ।

| | रु १ लाखसम्म | रु १ -२ लाखसम्म | रु २ - ५ लाखसम्म | ५-१० लाखसम्म | १०-५० लाखसम्म | ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा स्तरिय | ११ | ५५ | ९३ | ३८ | ६ | | २०३ |
| न पा स्तरिय | २४ | १० | २२ | ९ | १३ | १० | ८८ |

पालिकाले वडातर्फ अधिकांश साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ, तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरणका आधारमा छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

७.७ **लक्ष्य प्रगति:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम वार्षिक लक्ष्य प्रगती कानुनमा तोकिएको समयमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्च तोकिएको ढाँचामा वार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकाको चालु तथा पूजिगत समेतका निम्नानुसारका शिर्षकगत कार्यक्रममा न्युन प्रगति देखिएको छ । विभिन्न खर्च शिर्षकका १०१३ वटा मुख्य कार्यक्रममध्ये १८३ वटा (१०.०५ प्रतिशत) कार्यक्रम/परियोजनामा शुन्य प्रगति भएको पाईयो । वार्षिक विनियोजित वजेट तथा तोकिएको लक्ष्य अनुरुप प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ । केहि उदाहरण निम्न छन् ।

| कार्यक्रम | विनियोजन रकम |
|---|---|
| माडी क्याम्पस सन्चालन अनुदान | ५, ०० , ०००.०० |
| अपाङ्ग, जेष्ठ नागरिक एवं विद्यार्थी यातायात कार्यक्रम | १०, ०० , ०००.०० |
| अन्य मेशिनरी ओजार खरिद एवं मर्मत कार्यालय तर्फ | १५, ०० , ०००.०० |
| प्राविधिक शाखा ल्याब सामाग्री खरिद | ५, ०० , ०००.०० |
| आवधिक योजना निर्माण | १३, ६६ , ५००.०० |
| फिल्महल चोक देखि इनार बरुवा सम्मको अधुरो सडक कालो पत्रे | १७, ०० , ०००.०० |
| बघौडा खेल मैदान निर्माण तथा मर्मत (निर्माणाधीन रंगशालामा ) | ७, ०० , ०००.०० |
| कृषि ल्याव सञ्चालन | ५, ०० , ०००.०० |
| विद्यालयका लेखा सम्बन्धी कर्मचारीका लागि प्रोत्साहन अनुदान | ५, ९१ , ५००.०० |
| कम्पाउण्ड माइक्रोस्कोप (रगत परीक्षण गर्ने , ढुसि नलाग्ने डेकस्टप सहितको) | ५, ०० , ०००.०० |
| विपन्न दलित शौचालय निर्माण | ५, ५० , ०००.०० |
| विपन्न दलित शौचालय निर्माण | ५, ५० , ०००.०० |
| बाटो ग्राबेल | १२, ०० , ०००.०० |
| साना सिचाई (२ इन्चको बोरिंग ) | ५, ०० , ०००.०० |
| साना सिचाई (२ इन्चको बोरिंग ) | ५, ०० , ०००.०० |
| वडा भित्रका विभिन्न बाटो ग्रेडिङ्ग , ग्रावेल तथा स्तरोन्नती | १३, ०० , ०००.०० |
| बाटो ग्राबिल तथा मर्मत संभार | १४, ०० , ०००.०० |
| सडक स्तरोन्नती | १५, ०० , ०००.०० |
| CTEVT का आङ्गिक शिक्षालयसँगको समन्वयमा उद्यमशीलता तालिम सञ्चालन | ५, ०० , ०००.०० |
| खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान , गहुँ) | १०, ७५ , ०००.०० |
| रिउ खोला कोरिडोर निर्माण , माडी न.पा. वडा. न. १-९ चितवन | ५, ०० , ०००.०० |

पालिकाले तोकिएअनुसार वार्षिक कार्यक्रम कार्यान्वयनको त्रैमासिक प्रतिवेदन तयार गर्ने र स्विकृत वजेट तथा योजनाहरु वडागत रुपमा सम्पन्न हुने गरी पालिकाले कार्यक्रम कार्यान्वयनमा जोड दिनुपर्दछ ।

## ८ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति समेतको विभिन्न शीर्षक अन्तर्गत पालिका पूजिगततर्फ वार्षिक रु.२६ करोड ८५ लाख पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी प्रतिस्पर्धी खरिद कार्य गर्नुपर्दछ ।

## ९ वार्षिक प्रतिवेदन

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३५ वमोजिम पालिकाले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार गरी तालुक निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने तोकेकोमा कार्यालयले वार्षिक प्रतिवेदन तयार गरेको छैन । नियमको पालना गरी वार्षिक प्रतिवेदन तयार गरी तोकिएको समयमा पेश गर्नुपर्दछ ।

## १० आय अनुमान एवं कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केहिमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने केहिमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । समग्र प्राप्तिको श्रोतको अनुमानको तुलनामा आन्तरिक आय अत्यन्तै न्युन ४१ प्रतिशत मात्र संकलन भएको छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | घटी प्रतिशत |
|---|---|---|---|
| ११३१३ - सम्पती कर | १४०००००० | ९९५१८००.४ | ७१ |
| ११३१४ - भुमिकर/मालपोत | १००००० | २२,२३३.०० | २२ |
| ११३१७ - वहाल कर | २०००००० | ३१२७३८६.३१ | १५६ |
| ११३१८ - वहाल विटौरी कर | ५०००००० | ४८७६५३ | १० |
| ११४५१ - सवारी साधन कर (साना सवारी) | १००००० | ५०० | १ |
| ११४७९ - अन्य मनोरञ्जन कर | ५०,०००.०० | ० | ० |
| ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | ३,५००.०० | - |
| ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०००००० | २०१५००० | १०१ |
| ११६९१ - अन्य कर | २५००००० | २९४२९६ | १२ |
| १४१५१ - सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५००००००० | १०६२८२११.६ | २१ |
| १४२१२ - सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | ६०,००१.७३ | - |
| १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ० | २३,४५०.०० | - |
| १४२१८ - विद्युत सेवा शुल्क | ० | ७,५००.००- | |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ६०००००००० | २५८९८००१ | ४३ |
| १४२२१ - न्यायिक दस्तूर | २०,०००.०० | १४,४००.०० | ७२ |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ० | ५,५००.०० | - |
| १४२२४ - परीक्षा शुल्क | ० | २३,७००.०० | - |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ० | ४४९५०० | - |
| १४२४२ - नक्सापास दस्तुर | ५०००००० | ३९३४३१.२८ | ८ |
| १४२४३ - सिफारिश दस्तुर | ६०००००० | ५१८०९१५ | ८६ |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ५००००० | ७२६३०० | १४५ |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ० | ३१५२०० | - |
| १४२४९ - अन्य दस्तुर | ० | ३३८०६४ | - |
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १६००००० | १५४७२०० | ९७ |
| १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ० | ६०० | - |
| १४५११ - बीमा दावी प्राप्ति | ० | २५३२६८.५ | - |
| १४५२९ - अन्य राजस्व | ० | १८,४००.०० | - |
| १४६११ - व्यवसाय कर | ० | २५,०००.०० | - |
| १५१११ - बेरूजू | २०००००० | ० | ० |
| जम्मा राजस्व | १५०८७०००० | ६१८११०११.८२ | ४१ |

पालिकाले एकिकृत सम्पत्ति कर लागू नगरेको र आय अनुमान समेत नगरेकोमा समेत आय प्राप्त भएको सभाले स्विकृत अनुमान गरेका राजस्व शिर्षकमध्ये ७ वटा मात्र लक्ष्य अनुसार ५० प्रतिशत असुली भएको अन्य शिर्षकमा अत्यन्तै न्युन प्रतिशत र केहिमा शुन्य प्रतिशत प्रगति समेत देखिएको छ । सवारी साधन कर तथा प्रशासनिक दण्ड जरिवाना र अन्य विक्रिवाट आय ज्यादै न्युन देखिएको, व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेको तथा पालिका भित्र रहेका करदाताहरुको लगत अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले अनुमान भन्दा न्युन मात्र आय संकलन भएको छ । वडामा राजस्व संकलनको लागि नगरपालिकाले अनलाईन पोर्टल राजस्व प्रणाली अनिवार्य गरेको जनाएतापनि अधिकांश वडामा पुरानो ढङ्गामा नै अभिलेख राख्ने गरेको र सो को नगरपालिका केन्द्रवाट अनलाईनमार्फत सुपरीवेक्षण हुने गरेको छैन । जसवाट उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको लगत अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ ।

११ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत निति तथा कार्यक्रम, बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पालिकाले आर्थिक वर्ष ०८०।८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी विभिन्न मितिको निर्णयवाट ७४ योजनाको वजेट विभिन्न १२४ वटा टुक्रे योजनामा रु.३,८०,०६,८८५.०० रकमान्तर गरी खर्च गरेको र आ व २०८१।८२ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत देखिएन । तोकिएको सिमाभित्र तोकिएको शिर्षकमा नीति तथा कार्यक्रमले तोकिएको सिमा भित्र मात्र रकमान्तर गरी वजेट कार्यान्वयन प्रकृयालाई पारदर्शि बनाउनुपर्दछ ।

१२ **भुक्तानी बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39 (2) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम 39(13) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको 7 दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरेको छैन । तर यस वर्षको बजेटमा समेत गत वर्षको रु. ७,३९,९७,२९८ भुक्तानी दिन बाँकीको व्यवस्था गरी आ व २०८०।८१ मा भुक्तानी दिएको छ । आन्तरिक आय न्युन रहेका पालिकामा बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने, तथा केहि बहुवर्षे क्रमागत ठेक्काका योजनाको रकम समेत भुक्तानी वाँकिको रुपमा राख्ने प्रवृतिका कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वर्षेनि पालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

१३ **आर्थिक सहायता**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको वजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था अनुरुप पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी वजेट विनियोजन गरेको र निश्चित विधि र मापदण्ड वेगर

अन्य संस्था सहायता शिर्षकवाट सहायता लगायतमा आर्थिक सहायता वितरण वापत नगरप्रमुखको तोकादेशका आधारमा अति विपन्न, सिमान्तकृत र लक्षित वर्गलाई सिफारिसका आधारमा आर्थिक सहायता वापत ७१ जनालाई रु.९९९७१० र जटिल तथा दिर्घ रोगी विपन्न नागरिकलाई आर्थिक सहायता वापत ११ जनालाई रु.३१०५०० समेत कुल जम्मा रु.१३,१०,२१० खर्च भएको छ । उक्त रकम पालिकाको आन्तरिक आय रु.६,३३,११,०१२ को २.१ प्रतिशत हुन आउँछ । यसरी आर्थिक सहायता जस्तो अनुत्पादक क्षेत्रमा खर्च हुन जाँदा पालिकाको विकास निर्माण तथा सामाजिक विकास जस्ता महत्वपुर्ण क्षेत्रमा बजेटको अभाव हुन सक्दछ । अत: अनुत्पादक क्षेत्रको खर्चमा नियन्त्रण गर्न कार्यविधि तयार गरी खर्च गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

### १४ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.६३३११०१२, राजस्व बाँडफाँडवाट रु. १९४१०८९६४ र अनुदान समेत कुल जम्मा रु. १०१३६८११५९ आम्दानी भएकोमा चालु तर्फ रु. ५०९८८७२६४र पूँजिगत तर्फ रु. २६८४९७१०८ र वित्तीय ब्यबस्था तर्फ रु. २५२१२८६५३ समेत रु. १०३०५१३०२४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.१४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा मात्र रु. १,०५,७०,७५३ खर्च भएको छ जुन आन्तरिक आयको १६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५० प्रतिशत चालु, २६ प्रतिशतमात्र पूँजिगत निर्माणमा र २४ प्रतिशत वित्तिय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

### १५ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७४४४४०१६२ | ६३३११०१२ | ८.५ |

उपर्युक्त विवरण अनुसार यस नगरपालिकामा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.५ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै सेवा सुविधासँग आन्तरिक आयलाई आवद्ध गरेर आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### १६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस वर्ष ऐन, नियमावली, कार्यविधि लगायत २ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको समेत ऐन-२८, नियमावली-६, निर्देशिका-५, कार्यविधी-५४ लगायतका ९३ कानुन निर्माण गरी कार्यान्वियनमा आएको जानकारी प्राप्त भएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि केही कानूनहरु स्थानिय राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु स्थानिय राजपत्रमा प्रकाशन गरेर मात्र कार्यान्वियनमा ल्याउनु पर्दछ ।

### १७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६३ र यो

वर्ष थप भएको १३८ गरी कुल २०१ विवाद दर्ता भएकोमा १३९ वटा फस्यौट् भएको र ६२ वटा नै बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **वडा सचिवको पदपूर्ति**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । ५ जना वडा सचिवको रिक्त पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ४ | ५ ( करार ) |

१९ **सेवा प्रवाहको अभिलेख**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार पालिका र पालिकामा रहेका ९ वडाहरुवाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखि एकिकृत अभिलेख तयार गर्नुपर्नेमा पालिकाले सो अभिलेख राखेको देखिएन । पञ्जिकरणतर्फ, पूर्वाधार विकास सडक निर्माण, स्विकृत घर जग्गा नक्सा पास, अभिलेख सिफारिस लगायत पालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका सेवा प्रवाहको अद्यावधिक आकडाँ सहित पालिकाले सेवा प्रवाहको एकिकृत अभिलेख तयार नगरेकोले सेवा प्रवाहको सम्वन्धमा विश्लेषण गर्न सकिएन । पालिकाले सेवा प्रवाहको अभिलेख अनिवार्य रुपमा अभिलेखिकरण गर्नुपर्दछ ।

२० **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेखमर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी गराई सोको अभिलेख राख्नु पर्दछ ।

२१ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी नगरपालिकाको पर्यावरणलाई स्वच्छ राख्नु पर्दछ । (नगरपालिकामा फोहरमैला व्यवस्थापन चुनौतिको रूपमा रहेको छ ) । वातावरण शाखा तथा सरसफाई शाखामा ४ जना जनशक्ति रहेका छन् भने २ फोहर व्यवस्थापन गर्ने मेसिन र ढुवानी साधन रहेका छन् । अस्पतालजन्य फोहोर वाहेक दैनिक फोहोरमैला स्वास्थ्य संस्थाजन्य फोहोरमैलाको व्यवस्थापनमा अस्पतालहरूको अग्रसरताको कमी, फोहोरमैलाको वर्गीकरण (Segregation), Reduce र Reuse को अभ्यास समूदायस्तर र घरपरिवार स्तरमा प्रभावकारी नहुनु, Sanitary Landfill site को दीर्घकालीन व्यवस्थापन नहुनु, फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्र बढी नाफा केन्द्रित हुनु, फोहोरमैला व्यवस्थापन गर्ने जनशक्तिको स्वास्थ्य सुरक्षा तथा सामाजिक सुरक्षाको व्यवस्था गर्न नसकिनु, नकुहिने फोहोरमैला Upcycle गरी बजार व्यवस्थापन गर्न नसकिनु, फोहोर व्यवस्थापनको लागि आवश्यक सवारी साधन तथा उपकरणको कमी हुनु र भएका साधन तथा उपकरण पुराना भई बारम्बार मर्मत गर्नुपर्ने अवस्था रहनुले लागत थपिनु, राजमार्ग क्षेत्रमा चलिरहने सडक निर्माण तथा स्तरोन्नती जस्ता कार्यले शहरी सौन्दर्य कमजोर हुनुका साथै प्रदुषण बढनुऔद्योगिक फोहोरमैलाको उचित व्यवस्थापन नहुनु, जथाभावी फोहोर फाल्ने, प्लाष्टिक जलाउनेलाई जरिवाना/सजाय गर्न नसकेका जस्ता

कारणले गर्दा फोहरमैला व्यवस्थापन चुनौति पूर्ण वनेको देखियो । ल्याण्डफिल्ड साईट निर्माणको लागी स्रोत सुनिश्चित नभएको तथा सो ठाउँको जग्गाको स्वामित्वको विषय समेत यकिन नभएकोले समयमानै समस्या समाधानको दिर्धकालिन रणनीति वनाई फोहरमैला व्यवस्थापन गर्नु पर्दछ ।

२२ **विद्यालय अनुदानको अनुगमन**

विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका ०८०।८१ कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको सयंन्त्रमा अनुदान व्यवस्थापन यूनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था उल्लेख छ । पालिकाले यस वर्ष विभिन्न ३१ वटा विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान, दिवा खाजा अनुदान, ओजेटि अनुदान, आईसिटि ल्याब अनुदान, नमूना विद्यालय भौतिक निर्माण लगायत अन्य विभिन्न शिर्षकवापत रु. २०,६७,२४,००० अनुदान निकासा दिएकोमा संयन्त्र परिचालन भएको सम्पूर्ण अनुदान खर्चको अनुगमन गरेको देखिएन । पालिकाले आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।

२३ **विपन्न नागरिक औषधि उपचार विवरण**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख छ ।नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार १७७ जनाको लागि रु.५० लाख भुक्तानि गरेको, निर्देशिका २०८० अनुसार विपन्न नागरिक औषधि उपचार कार्यक्रमतर्फ थप ७२ जनालाई निःशुल्क उपचारका लागि सिफारिस समेत गरेको छ । जसमा मुटुरोग १८ क्यान्सर ३८ मृगौला ९ हेडईन्जुरी १ स्पाईनल ईन्जुरी ५ र अल्जाईमर १ रोगि रहेको विवरण उपलब्ध भएको छ ।

| क्र. सं. | उपचारको किसिम | व्यक्ति संख्या | रकम रु. हजारम |
|---|---|---|---|
| १ | मृगौला प्रत्यारोपन गरेका | ८ | ६४० |
| २ | डाईलाईसिस गराईरहेका | २३ | २२५ |
| ३ | क्यान्सर रोगि | १४६ | ४१३५ |
| | जम्मा | १७७ | ५००० |

यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी वास्तविक औषधि तथा स्वास्थ्य परीक्षण प्रमाणका आधारमा सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु पर्दछ ।

२४ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष ०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत रहेको ४ बर्थिङ सेन्टरमा गत वर्ष ४०६ थानको रु. ३६४२७१ (अघिल्लो वर्षको मौज्दात २१५थान) र यस वर्ष २७३ थानको रु. २४५२५० खरिद गरेकोमा गतवर्ष ३६५ जना र यस वर्ष २९३ जना गरी ६५८ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २३६ थान न्यानो झोला मौज्दातमा रहेका छन् ।

पालिकाले स्वास्थ्य चौकिमा नियमित परीक्षण गर्ने गर्भवती महिलाको अभिलेखका आधारमा न्यानो झोला खरिदको लागत अनुमान स्वीकृत गरेर झोला खर्च हुने संख्या समेतका आधारमा खरीद योजना स्विकृत गरेर गर्भवती महिलाको तथ्यांकको आधारमा माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी न्यानो झोला खरिद गर्नुपर्दछ ।साथै खरिद गरिएका न्यानो झोलाको आधिकारिक तहबाट गुणस्तर परीक्षण भएको छैन । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२५ **संस्थागत विद्यालयद्धारा निःशुल्क शिक्षा विवरण**

नेपालको संविधानको अनुसूची (८) अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार श्री विद्याज्योति इ. स्कुल माडी -१, बरुवाले शिक्षा ऐनमा भएको व्यवस्था बमोजिमको न्यूनत्तम संख्यामा समेत छात्रवृत्ति उपलब्ध गराएको देखिएन ।तथा पालिका रहेका ५ वटै संस्थागत विद्यालयहरुले नियमावली बमोजिम विद्यार्थीको नाम, ठेगाना र रकम सहितको विवरण सार्वजनिक गरेको देखिएन । तसर्थ शिक्षा ऐन तथा नियमावली बमोजिम पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्बन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु, गराउनु पर्दछ ।

| संस्थागत विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | छूट दिएको विद्यार्थी संख्या | छूट विद्यार्थी प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| श्री बाल विकास इ. स्कुल , माडी नगरपालिका - ७ | ४०७ | ४० | १०.००% | |
| श्री दिब्यकालिका इ. स्कुल , माडी नगरपालिका -६ | १५९ | १६ | १०.०६% | |
| श्री देवेन्द्रपुर प्रतिभा इ. स्कूल , माडी नगरपालिका -७ | १३० | १३ | १०.००% | |
| श्री पिसल्याण्ड इ. स्कुल , माडी नगरपालिका -५ | २९५ | ३१ | १०.५१% | |
| श्री विद्याज्योति इ. स्कुल माडी -१ , बरुवा | ५४४ | ० | ० % | विवरण पेश नगरिएको |

२६ **स्वंयम सेवक शिक्षक**

पालिकाले आफ्नो क्षेत्र भित्रका स्विकृत दरवन्दि अनुसार शिक्षक कर्मचारीको तलब भत्ता लगायतका सुविधा खर्च लेख्दै आएको छ । संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट नपुग खर्च व्यहोर्ने गरी आ.व. २०८०।८१ मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका ८ वटा सामुदायिक विद्यालयहरुमा १० जना शिक्षकलाई करार सम्झौता गराई स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन तलवमा कुल रु. २२,५६,००० खर्च लेखेकोले पालिकालाई थप व्ययभार पर्न गएको छ । पालिकाले विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था यकिन गरी आवश्यकताको आधारमा मात्रै योग्य करार शिक्षकलाई नियुक्ति गर्नुपर्दछ ।

२७ **विद्यालय निकासा रजिष्टर**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानि भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ ।पालिकाले यस आ.व. ३१ विद्यालयलाई रु. २१७२६५८८४ निकासा खर्च लेखेकोमा तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन ।अद्यावधिक निकासाको अभिलेख नराख्दा दोहोरो

निकासा विद्यालयलाई जान सक्ने स्थिति छ । जसबाट दरवन्दि पदपूर्ति अनुसारको विद्यालयलाई वास्तविक निकासा दिनुपर्ने र भुक्तानि दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ ।

## २८ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | यस आ.व.मा पालिकाले स्वास्थ्य तर्फका ३७ जना स्थायि कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु. २८२४१४०८ खर्च लेखेको छ ।त्यसै गरी कार्यरत शिक्षकको तलवी प्रतिवेदन पेश भएन। तलवी प्रतिवेदन पारित नगरेको र पेश नगरेको कारण शिक्षक तथा कर्मचारीहरुलाई भुक्तानी गरेको ग्रेड रकम यकिन गर्न सकिएन ।

## २९ शिक्षक दरबन्दी र पदपूर्ति

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामूदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दिको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाई पठाउनु पर्ने उल्लेख छ । यस आ.व.मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ ।

| विद्यालयको संख्या | दरबन्दी | पदपूर्ति संख्या | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|
| ३१ | २७४ | २७४ | २६६ | ८ | ० | ८३७४ | ३०.५६ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:३१ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै करारमा रहेका पदहरु स्थायी पूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

## ३० शिक्षक अभिलेख

पालिकाले पालिका भित्र रहेका विद्यालयहरुको स्विकृत दरवन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तिको अवस्था, सरुवाको विवरण, अवकास विवरण तयार नगरेकोले निकासा भएको सँग शिक्षकको अभिलेख भिडान गर्न सकिएन । पालिकाले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिई तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात सम्बन्धित शिक्षकको तलब सुविधा रकम साविक बमोजिम नै निकासा नभएको यकिन गर्ने आधार पेश भएन। पालिकामा अवकास हुने शिक्षकको अभिलेख नरहेको, बाह्य सरुवाको रेकर्ड अद्यावधिक राख्ने नगरेको हुँदा अभिलेख तयार गरी निकासालाई विश्वसनीय एंवम प्रभावकारी बनाउनुपर्दछ । अतः यसरी शिक्षकको विस्तृत अभिलेख अद्यावधिक नगर्ने सम्बन्धित कर्मचारीलाई यसको जिम्मेवार बनाउनु पर्दछ ।

## ३१ प्रति विद्यार्थी लागत

पालिकामा कार्यरत शिक्षकहरुको दरवन्दि एंवम पदपूर्तीबाट कायम संख्या र विद्यालयमा अध्ययनरत विद्यार्थीको संख्या कार्यान्वयन पुस्तिकाले तोकेको अनुपातमा रहने उल्लेख छ ।यद्धपि कतिपय विद्यालयमा न्यून विद्यार्थी संख्या रहेको विद्यालय नजिकमा रहेको अर्को विद्यालयमा मर्ज समेत नसकेको अवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | २६६६७२००० | २१७२६५८८४ | ८३७४ | २५९४५ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. २५,९४५ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतिर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परीमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, सिपयूक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

३२ **सेनेटरी प्याड व्यवस्थापन** (५६१-२०८१-३-२०):

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ.व. मा विभिन्न १२ वटा विद्यालयका कक्षा ६ देखि १२ सम्मका १७२० जना छात्राका लागि २३१०० थान कूल रु. ५,७७,३९८ (मु.अ.कर सहित) मूल्यको स्यानिटरी प्याड खरिद गरेको देखिन्छ ।वार्षिक रुपमा छात्राले प्रयोगमा ल्याउन सक्ने गरी खरीद एंवम वितरण गर्नु पर्ने उक्त स्वास्थ्य सामाग्रि वर्षान्तमा खरिद गरिएकोले उक्त सामाग्रि सम्बन्धित विद्यार्थीले मासिक रुपमा आवश्यकता अनुरुप प्रयोग गर्न नपाउने स्थिति देखियो । गत वर्ष खरिद गरेको मौज्दातबाट प्रत्येक महिना माग अनुसार वितरण गरेको जवाफ दिएको छ । अतः मौज्दात नरहने गरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा स्यानिटरी प्याड खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरेको उचित देखिएन । कार्यक्रमको उद्वेश्य अनूरुप उपयूक्त समयमै स्यानिटरी प्याड खरिद गरी सम्बन्धित विद्यालयमा तत्काल वितरण हुनुपर्दछ ।

३३ **शिक्षक तलब बढि निकासा**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले निकासा दिएका विद्यालयगत नमूना परीक्षण गर्दा विद्यालयबाट सरुवा भएर गएका शिक्षकको समेत निकासा गएको देखियो । विद्यालयमा शिक्षक सरुवा पश्चात समेत थप निकासा भएकोले सम्बन्धित विद्यालयले बढि निकासा रकम संघीय सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.

| विद्यालयको नाम | राजिनामा गरेको शिक्षकको नाम | सरुवा लागु मिति | बढि निकासा तलब | कैफियत |
|---|---|---|---|---|
| श्री माडि मावि | मावि तृतिय श्री विजय गुप्ता | ०८०।५।२९ | ६१६६९ | निज श्री प्रेम वस्ती मावि भरतपुरमा सरुवा भएको भएतापनि निजको नाममा कार्तिक महिनाको समेत तलब निकासा भएकोले |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,६६९ |

३४ **छात्रवृत्ति वितरण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३५ **स्रोत कक्षा व्यवस्थापन अनुदान**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **दिवा खाजा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२०,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६०,४८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१२,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१६१,३३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५६,९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२४,७५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८०,१४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१२६,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२२१,५७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **७४,४२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२१,०६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४१,०६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८३,४५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **५८,३३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३७ **विद्यालय सुधार योजना तथा आर्थिक लेखापरीक्षण** (३९४-२०८०-१२-२२):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३८ **विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०७५ को (प्रथम संशोधन २०७७) बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका बालविकास केन्द्रहरुमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु १०,०००।- का दरले र पालिकाबाट रु ८५००।- का दरले भुक्तानी भएको देखियो । अतः न्यूनत्तम मापदण्ड विपरीत बालविकास सहजकर्ता राखी बजेट खर्च लेख्न मिल्दैन । पालिकाले मापदण्ड विपरीत देहायका १२ वटा बालविकास केन्द्रलाई बढि निकासा भएको रकम अनियमित देखिएको रु.

| विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | बढि व्ययभार रकम |
|---|---|---|---|---|
| श्री सोमेश्वर मावि | ८८ | ४ | ५ | २४०५०० |
| श्री राआवि बघौडा | २३ | १ | २ | २४०५०० |
| श्री ब्रहम्त्योति आवि ५ | ४२ | २ | ३ | २४०५०० |
| श्री जनकल्याण मावि | १४८ | ६ | ७ | २४०५०० |
| श्री बालकल्याण आवि जगन्नथपुरी | १७ | १ | २ | २४०५०० |
| श्री राआवि दिवानगर | २४ | १ | २ | २४०५०० |
| श्री दक्षिणकालिका आवि | ४० | २ | ३ | २४०५०० |
| श्री राआवि दक्षिण अयोध्यानगर | ४३ | २ | ३ | २४०५०० |
| श्री राआवि कान्तिपुर | २३ | १ | २ | २४०५०० |
| श्री आवि गोविन्दवस्ती | ४९ | २ | ३ | २४०५०० |
| श्री सगरमाथा मावि हनुमानझुला | ४२ | २ | ३ | २४०५०० |
| श्री जनजागृति आवि भालुखोला ९ | १७ | १ | २ | २४०५०० |
| | | | जम्मा | २८, ८६ , ००० |

| | |
|---|---|
| अनियमित भएको | २८,८६,००० |

३९ **शिक्षक तलब** (४२६-२०८१-१-१०):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८,८४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४० **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) अनुसार २५ लाख रुपैया सम्मको औषधिजन्य खरिद उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरी तोकिएको विक्री मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले निम्नानुसारको स्वास्थ्य शाखा तथा पशु विकास शाखावाट औषधि खरिद गर्दा पटके कोटेशनवाट सोझै खरिद गरेको देखिएकाले खरिद कार्य प्रतिस्पर्धी एवं विश्वासनीय देखिएन । यसमा सुधार हुनुपर्दछ ।

| **शिर्षक** | **वजेट** | **खर्च रकम** |
|---|---|---|
| भेटेरिनरी अस्पताल तथा सेवा केन्द्रका लागि आवश्यक औषधि खरीद | ९५०००० | ७१०२७१ |
| आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १८५६००० | १८५६००० |
| **जम्मा** | **२८०६०००** | **२५६६२७१** |

औषधि खरिदमा देखिएका थप व्यहोरा निम्नानुसार छन् ।

• औषधिको आपूर्तिपछि, भुक्तानि अघि गुणस्तर र स्पेशिफिकेशन अनुसारको समान भए नभएको मूल्यांकन समितिको प्रतिवेदनका आधारमा यकिन गरी भुक्तानि दिनुपर्नेमा गुणस्तर परीक्षण सम्बन्धि कार्य भएको देखिएन ।

• निःशुल्क वितरणका लागि भनि औषधिको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन ।तथा औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखिएकोले औषधि खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी मागको आधारमा स्वास्थ्य चौकिहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ ।

• आपूर्ति भएका औषधिहरु डव्ल्यू एच ओ, जि एम पि प्रमाणित हुनुपर्नेमा सो को अवस्था एकिन हुन नसकेको, उत्पादन स्थिति व्याच नं, औषधि विक्रिको लागी होईन निशुल्क वितरणको लागी जस्ता व्यहोरा प्याकेजिङ्मा नखुलाएको, औषधि तथा सर्जिकल सामान स्टोर दाखिला पूर्व स्पेशिफीकेसन अनुसार परीक्षण हुने नगरेको अवस्था छ । औषधीको inspection पश्चात् मात्र भुक्तानी हुनुपर्दछ ।

• औषधी खरीद आपूर्ति जिन्सि दाखिला खर्च अभिलेख अद्यावधिक गरी वफर स्टक समेतलाई मध्यनजर गरी औषधिको वितरण समेत खुल्ने गरी अभिलेख राख्ने वर्षान्तमा मौज्दात् वाँकि औषधिको जिम्मेवारी भौतिक परीक्षण समेत गरी जिन्सि अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४१ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा कार्यविधि स्विकृत गरेर विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले वडा वाहेक नगरपालिकाको लागी मात्र यस वर्ष विविध खर्च शिर्षकमा मात्र कुल जम्मा रु.१२,०१,७३४ भुक्तानी भएको छ । यस्ता स्वविवेकिय खर्च निश्चित खर्चको मापदण्ड नहुँदा अत्याधिक अनुत्पादक खर्च हुने सम्भावना रहने हुँदा खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । केहि उदाहरण निम्नानुसार छन् ।

| मिति | भौ. नं. | क्रियाकलापको नाम | विवरण | डेबिट |
|---|---|---|---|---|
| १३/०८/२०८० | ३८९ | कार्यालय विविध खर्च | संलग्न निवेदन विल बमोजिमको रकम माडी भिलेजलाई भुक्तान । | ७८,२९७.७० |
| १५/०८/२०८० | ४०१ | कार्यालय विविध खर्च | संलग्न निवेदन विल बमोजिम विश्वकर्मा पुजाको खर्च रकम भुक्तान । | ३८,४११.०० |
| २९/१०/२०८० | ६८६ | कार्यालय विविध खर्च | कार्यक्रम र डेलिगेशन खर्च होटल लन्डनका उपमेयरको तोकादेश | ६७,७००.०० |
| २८/१२/२०८० | ९६६ | कार्यालय विविध खर्च | संलग्न निवेदन अर्डर सिलिप तथा बिल बमोजिम अंगित रेष्टुरेण्टलाई भुक्तान । | २३,६५०.०० |
| २०/०३/२०८१ | १२९० | कार्यालय विविध खर्च | विल बमोजिमको रकम राष्ट्रिय आबिस्कार केन्द्र लाई भुक्तान । | ३७,५००.०० |

४२ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार बाग्मति प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐनको प्रथम संशोधन गरी राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भए बमोजिमको सूविधामा पालिकाले विनियोजन गरेअनुसार विभिन्न शिर्षकमा १२ महिनामा पदाधिकारी सुविधा रु.१,०५,७०,७५३ र अन्य पटके वैठक/अनुगमन लगायतका सुविधा समेतमा थप खर्च लेखेको देखिन्छ ।

४३ **सहकारी**

४३.१ **सहकारी सञ्चालन स्थितिः** सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरिक्षण तथा अनुगमन निर्देशिका,२०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकिकृत सुचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकामा जम्मा ४१ वटा सहकारी रहेको जनाएकोमा सो मध्ये ३१ को आंशिक विवरण पेश भएको र १० वटा निष्कृय रहेका छन् । पालिकाभित्रका सहकारी संस्थाहरुले एकिकृत सुचना व्यवस्थापन प्रणालीवाट विवरण दाखिला गरेको पाईएन । त्यसैगरी पालिकावाट अनुगमन निरिक्षण गरी तयार पारिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारी सञ्चालनको अवस्थावारे अध्ययन गर्न सकिएन । पालिकाले उपलव्ध गराएको विवरण अनुसार जम्मा १७,९६४ सहकारी वचतकर्ता रहेकोमा ३१ वटा सहकारी संस्थाको वचत रु.५६,५३,७०,९९१ रहेको मध्ये १० निस्कृय निष्कृय रहेको छ । पालिकामा समय समयमा अद्यावधिक विवरण नवुझाई नविकरण समेत नभएका, सम्पर्कमा नरहेका, निस्कृय रहेका तथा पालिकावाट नविकरण नभएका १० वटा सहकारी संस्थामा शेयर सदस्यको बचत जोखिममा परेको देखिन्छ । पालिकाले विभिन्न समस्या आइसकेका र समास्याउन्मुख सहकारी संस्थाहरुको वारेमा उजुरी परेका सहकारीका बचत कर्ताहरुको बचत फिर्ता गर्न नसकि संस्थाको कार्यालय नियमित संचालनमा नरहेका सहकारीका वचतकर्ताको वचत समेत जोखिममा परेको छ ।

४३.२ **सहकारी नियमनः** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्र सहकारी संचालनमा रहेका ४१ संस्थाको अद्यावधिक अभिलेख राखेको छैन । यसकारण पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा नगरपालिकाभित्र कारोवार गर्दै आएका सहकारी

संस्थाहरुको लगत अद्यावधिक गर्ने, वचत रकमको सुरक्षाका लागी लगानी लगायतका कारोवारको अनुगमन गरी जनताको वचत रकमको सुरक्षा हुने गरी आवश्यक व्यवस्थाको लागी विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ४४ पशु तथा कृषि अनुदान

कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई रु. ११ करोड ९३ लाख ३८ हजार अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस मन्त्रालय/पालिकावाट निम्नानुसारको खर्च भएको देखिन्छ । स्विकृत कार्यक्रमअनुसार वितरीत अनुदान रकमको सूचक सहितको अनुगमन गरी लागत लाभ समेत निश्चित हुने गरी अनुदान रकमको उपयोग एवं प्रतिफल एकिन गर्ने व्यवस्था अनुसरण गर्न नसक्दा अनुदानको प्रभावकारीता देखिने अवस्था छैन । अत: उत्पादनका आधारमा अनुदान कार्यान्वियन हुने नीतिगत व्यवस्था गरी वितरित अनुदानको प्रभावकारी कार्यान्वियन गर्नु उपयुक्त हुन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

### ४४.१ कृषि अनुदान

| कार्यक्रमको नाम | अनुदानको किसिम | लाभग्राही संख्या | अनुदान भुक्तानी रकम |
|---|---|---|---|
| कृषि सिंचाईका लागि बोरिङ्ग मार्फत मागमा आधारित भूमिगत पाइप लाइनिङ कार्यक्रम | भूमिगत पाइप लाइनिगं जडान तथा बिस्तार | ११ संस्था अन्तर्गतका १६५ घरधुरी | ४११९०३८४ |
| फलफूल, सुर्ती तथा बाँस खेती प्रवर्धन कार्यक्रम | खाडल खन्ने, फलफुलकका बिरुवा खरिद तथा विरुवा रोपण | ९ संस्था अन्तर्गतका ४६ घरधुरी | ५११६१९ |
| आ.व. ०७९/८० मा स्थापना भएको धानबाली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम | धानको बीउ उत्पादन प्रवर्धनका लागि बीउ, शुक्ष्म खाद्यतत्व , बाली संरक्षण सामग्री , माटो उपचार सामग्री , त्रिपाल , स्प्रे ट्याकीं लगायतका यन्त्रउपकरण खरिद तथा व्यवस्थापन | १८ घरधुरी | ४९७५०० |
| आ. व. २०७९/८० मा स्थापना भएको मौरी पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रम | मौरी प्रवर्धनका लागि घार, गोला , आधार चाका , सुपर घार , रानी छेक्ने पाता , सिलिंग मेसिन , घुम्ती टोपी , ट्यापर , मह मदानी खरिद वितरण तथा व्यवस्थापन | १६ घरधुरी | ६०२००० |
| मौरी श्रोत केन्द्र स्थापना कार्यक्रम | घार निर्माण सेड निर्माण | १६ घरधुरी | ७९६३६० |
| खेतीयोग्य जमिनमा डिप बोरिङ्ग तथा पाइप लाइनिङ स्थापना, माडी ४ | डिप बोरिङ्ग निर्माण तथा पाइप लाइनिङ | १९ घरधुरी | १४०६२९४ |
| खेतीयोग्य जमिनमा सिंचाईका लागि स्यालो डिप बोरिङ्ग स्थापना, माडी ६ | डिप बोरिङ्ग निर्माण | ५२ घरधुरी | १७१६८६७ |
| बिउबिजन भण्डारण गृह निर्माण, माडी २ | बिउबिजन भण्डारण गृह निर्माण | १५ घरधुरी | १८९७०९५ |
| संरक्षित संरचना प्रविधिमा आधारित सिकाइ केन्द्र, माडी ४ | संरक्षित खेतीका लागि टनेल निर्माण, सिकाइ केन्द्र संरचना तथा तालिम हल निर्माण र व्यबस्थापन | ११०० कृषक | १९३९२९७ |
| जम्मा | | | १३५५७४१७ |

४४.२ **पशु कार्यक्रमतर्फ**

| कार्यक्रमको नाम | अनुदानको किसिम | लाभग्राही संख्या | अनुदान भुक्तानि रकम |
|---|---|---|---|
| निर्वाहमुखि पशुपालन आयआर्जन बृद्धि कार्यक्रम | निम्न आर्थिक अवस्था भएका कृषक लाई बाख्रा खरिदमा अनुदान | ५८ | ७४१२०० |
| फर्म सुधार तथा बिस्तार कार्यक्रम | पुराना तथा नया खोर मर्मत तथा निर्माण कार्यमा अनुदान | १७ | १३८२२०२ |
| हर्ड हेल्थ कार्यक्रम | आन्तरिक तथा बाह्र परजिवि विरुद्धका औषधि उपचारमा अनुदान | १५ | २१७९९५ |
| कृत्रिम गर्भाधानमा सुत्केरि भत्ता वितरण कार्यक्रम | कृत्रिम गर्भाधान बाट ब्याएका पशुलाई प्रति पशु रु १००० बितरण | ३९ | ५४००० |
| माछापालन प्रवर्द्धन तालिम | माछापालक कृषकलाई तालिम | ३० | १००००० |
| कृषि बिमा अनुदान निरन्तरता | पशु तथा मत्स्य बिमामा १५% अनुदान | ३४५ | ८४४३६८ |
| पशुपन्छी तथा मत्स्य क्षेत्र यान्त्रिकिकरण कार्यक्रम | पशुपन्छी तथा मत्स्य क्षेत्र संग सम्बन्धित यन्त्र उपकरणमा अनुदान | ३० | ८४६९४१ |
| गाई प्रबर्द्धन कार्यक्रम वडा न २(प्रदेश ससर्त) | गोठ निर्माण , यान्त्रिकिकरण , गाई खरिद र औषधि उपचारमा अनुदान | ५ | ९२८४२४६१ |
| बाख्रा प्रबर्द्धन कार्यक्रम वडा न ७(प्रदेश ससर्त) | बाख्राको गोठ निर्माण , बाख्रा खरिद , यन्त्रिकिकरण र औषधि उपचार मा अनुदान | ८ | ८०७१५६ |
| माछा प्रबर्दन कार्यक्रम (प्रदेश ससर्त) वडा न ७ | मत्स्य क्षेत्र सम्बन्धि यान्त्रिकिकरण र औषधि उपचारमा अनुदान | १० | २४१२३७।४८ |
| समुह सहकारी मार्फत मत्स्य ह्याचरि स्थापना तथा सम्पन्न कार्यक्रम(प्रदेश ससर्त) | ह्याचरि निर्माण र यान्त्रिकिकरणमा अनुदान | ३ | ३३३८१८९।३७ |
| माछा प्रबर्दन कार्यक्रम (संघय ससर्त) | मत्स्य क्षेत्र सम्बन्धि यान्त्रिकिकरण र औषधि उपचारमा अनुदान | ६ | ३१३३३३ |
| हरियो घांस बिस्तार कार्यक्रम (संघय ससर्त) | एक बर्षे तथा बहु बर्षे हरियो घाँसमा अनुदान | १० | ३५६५१३।७५ |
| मासु प्रबर्दन कार्यक्रम (संघय ससर्त) | (बाख्रा , बंगुर र पाडा) खरिद , गोठ निर्माण , यान्त्रिकीकरण र औषधि उपचार मा अनुदान | १५ | ३६९४५४४।५४ |
| जम्मा | | | १०५७८०१४१।१४ |

४५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिला न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई बढिमा १०० दिनको रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पूरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा

कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाईयो । यस आ.व.मा पालिका अन्तर्गतका वडाहरुमा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| वडा नं. | कार्यक्रम | रोजगार संख्या | ज्यालामा खर्च भएको रकम |
|---|---|---|---|
| पालिकाका ९ वटा वडामा ९ वटा योजना | बाटो मर्मत नाला निर्माण कूलो लाईनिङ्ग खेल मैदान संरक्षण लगायतका कार्यक्रम | ६५ | ३८९३६५६ |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ.व. मा रु. ६६,२४,००० रकम व्यवस्था भएकोमा रु. ५८,५५,५५३ करिव ८८.३९ % खर्च भएको देखिन्छ। यस मध्ये रु. ३८,९३,६५६ श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ।यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा बाटो मर्मत नाला निर्माण कूलो लाईनिङ्ग खेल मैदान संरक्षण लगायतका कार्यक्रम लगायतका कार्यक्रम संचालन गर्न दर्ता गरिएका २६१ मध्ये यस वर्ष ६५ जनालाई औषत ९० दिन रोजगारी प्रदान गरेको देखिन्छ। पालिकाले रोष्टरमा सूचीकृत भएका श्रमिकका लागि अधिक रोजगारीका लागि आवश्यक मात्रामा श्रम प्रधान योजना छनौट गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।कार्यक्रमबाट अल्पकालीन रोजगारी सृजना भएको तर दिगो भौतिक निर्माण हुनेगरी जीवनस्तर सुधार हुने प्रत्याभूती कार्यक्रमले दिन नसकेको अवस्था छ ।

४६ **मू अ कर मा दर्ता नभएको संग खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा नमुना परीक्षण गरी हेर्दा पालिकाले देहाय बमोजिमका सप्लायर्सबाट देहाय बमोजिमको मू अ कर मा दर्ता नभएको फर्म/संस्था संग खरिद गरेको रकम नियमसम्मत नदेखिएको रु.७९७५५२।-

| गोश्वरा भौचर मिति | सप्लायर्यस | विवरण | रकम |
|---|---|---|---|
| ४९७।२०८०।९।६ | न्यू भुर्तेल किराना पसल | मसलन्द सामाग्री | ८७०८८ |
| ५२६।२०८०।९।१७ | युनिक कम्प्युटर सेन्टर | मेशिनरी औजार मर्मत | ९३६५५ |
| ५६७।२०८०।०९।२२ | सलिना तन्दुरी भान्सा घर | खाना खाजा | ८२२४७ |
| ६१८।२०८०।१०।१० | बगही मध्यवर्ती सामुदायीक दुरा होम स्टे | विविध खर्च | ७५६३० |
| ७०१।२०८०।१०।०९ | अंगित रेष्टुरेन्ट | सभा संचालन खर्च | १३०४३३ |
| ९२२।२०८०।१२।२२ | युनिक कम्प्युटर सेन्टर | ईलोक्ट्रोनिक्स सामाग्री | १६९३११ |
| १०२९।२०८१।१।१७ | अमलटारी मध्यवर्ती होमस्टे | प्रशिक्षण कार्यक्रम | १५९१८८ |
| जम्मा | | | **७९७५५२** |

| | |
|---|---|
| अनियमित भएको | ७,९७,५५२ |

४७ **मूल्य अभिवृद्धि कर कट्टी**

मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टी

गरी राजस्व दाखिला गर्नुपर्नेमा सम्पुर्ण मु अ कर सम्वन्धित फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| **गो.भौ.नं. मिति** | **सप्लार्यस** | **विवरण** | **बिल रकम** | **मु.अ.कर रु.** | **कट्टि गर्नु पर्ने मु.अ.कर ३०%** |
|---|---|---|---|---|---|
| ४०३।२०८०।०८।१५ | स्मार्ट प्रिन्टिङ्ग एण्ड प्याकेजिङ्ग प्रा.ली. | पत्रपत्रिका छपाई | ९९६८२९ | ११४६७९ | ३४४०३ |
| ४६९।२०८०।०९।०२ | श्री ओम सदासिब इन्टरप्राईजेज | हेभी ईक्युपमेन्ट मर्मत | ४४२४६७ | ५०९०३ | १५२७० |
| ५१६।२०८०।०९।१७ | श्री ओम सदासिब इन्टरप्राईजेज | हेभी ईक्युपमेन्ट मर्मत | ५७६८३१ | ६६३६१ | १९९०८ |
| ८०६।२०८०।११।२० | श्री ओम सदासिब इन्टरप्राईजेज | हेभी ईक्युपमेन्ट मर्मत | ७५२८०० | ८६६०५ | २५९८१ |
| १०५४।२०८०।१।३० | श्री ओम सदासिब इन्टरप्राईजेज | सवारी साधन मर्मत | ४९१२७९ | ६३८६६ | १९१५९ |
| १०५४।२०८०।१।३० | नारायणी अटो | सवारी साधन मर्मत | ४९७८४४ | ६४७१९ | १९४१८ |
| ९४०।२०८०।१२।२६ | शारदा इन्टरप्राईजेज | सवारी साधन मर्मत | ७०४२७१ | ८१०२२ | २४३०६ |
| १३७०।२०८१।३।२३ | जगदम्बा कन्सट्रक्सन | हेभी ईक्युपमेन्ट मर्मत | ७५४५६५ | ८६८०८ | २६०४२ |
| १२६८।३।१८ | शुभकामना सप्लायर्स | ३८।१।२७, ३०४४६९६१९ | ७५५६५६ | | २६५४७ |
| जम्मा | | | | | **२११०३४** |

| प्रमाण पेश नगरेको | २,११,०३४ |
|---|---|

४८ **फोटोकपी विल**

४१३।२०८०।०८।१८- आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। कर्मचारी बिमा तथा औषधि उपचार समेत शिर्षकबाट सह चालक सन्दिप तिवारीलाई रु.१८७८८०।– भुक्तानी भएकोमा रु.३६६०० को मात्र सक्कल विल विजक संलग्न रहेको र बाँकी रु.१५१२८०।– को फोटोकपी विल पेश गरेकोले सक्कल विल विजक पेश गर्नु पर्ने रु. १५१२८०।–

| प्रमाण पेश नगरेको | १,५१,२८० |
|---|---|

४९ **तुलनात्मक चार्ट**

४०३।२०८०।०८।१५ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा वढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचिमा रहेका कम्तिमा तीनवटा आपुर्तिकर्ता, निर्माण व्यवसायीवाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी सिमा सम्मको खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्राप्त भएका लिखित रुपमा दरभाउपत्र वा प्रस्तावलाई तुलनात्मक चार्ट बनाई सबै भन्दा न्यून दरको आपुर्तकलाई स्वीकार गरि खरिद गर्नु पर्दछ । पालिकाले छपाई कार्यको लागी तुलनात्मक विश्लेषण

नगरी स्मार्ट प्रिन्टिङ्ग एण्ड प्याकेजिक प्रा.ली.को खर्च रकम ९९६८२९।- भुक्तानी गरेकोमा नियमावलीको पालना गरेको छैन । अत: सवै सोझै खरिदका प्रकृयाहरुमा उपरोक्त प्रावधानहरुको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

५० **म्युजिक भिडियो निर्माण**

१०१५।२०८१।२।२० - सार्वजनिक खरिद नियमावलीको नियम १२ मा सार्वजनिक निकायले कामको लागि लाग्ने खर्च र अन्य खर्च खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले माडि नै हाम्रो स्वर्ग हो गितको म्युजिक भिडियो निर्माण बापत प्रदेश मिडिया प्रा.ली. सँग सोझै खरिद गरी रु.१९६६१९।– भुक्तानी दिएको छ । सो कामको लागत अनुमानको लागी दर रेटको विश्वाशनियता नदेखिएकोले मितव्ययी रहेको पाईएन । पालिकाले भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावलीमा भएका प्रावधानको पालना गरी लागत अनुमान स्विकृत गराएर मितव्ययी खरिद गर्नुपर्दछ।

५१ **विद्युत जरिवाना**

(८७२।२०८०।१२।०५) सरकारी खर्चमा मितव्ययीता मापदण्ड २०७८ को बुँदा नं १५ मा धारा विजुलीको महसुल समयमा भुक्तानी गर्नुपर्ने र समयमा नतिर्दा जरिवाना तिर्नुपर्ने अवस्था आएमा सम्वन्धित लेखाप्रमुख तथा कार्यालय प्रमुखवाट दामासाहिले असुलउपर गरिने उल्लेख छ । नमुना परीक्षणको क्रममा पालिकाले रु.३८५८७३।४१ को बिल रकममा थप जरिवाना बापत रु.८१५९९।८२ गरी जम्मा रु. ४६७४७३।- भुक्तानी गरेको पाईयो । पालिकामा पर्याप्त वजेट हुँदा हुँदै समयमा विद्युत महसुल भुक्तानी नगर्दा थप जरिवानाको दायित्व थपिनु उपयुक्त होईन । यस्ता खर्च समयमा भुक्तानी गरी खर्चमा मितव्ययीता ल्याउनुपर्दछ ।

५२ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने उल्लेख छ । त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकत्तम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । सोहि आधारमा यस प्रकारका खर्च आन्तरिक श्रोतवाट खर्च लेख्नुपर्ने देखिन्छ । पालिकाले नगरस्तरिय योजनाको अनुगमनको लागी संघिय सरकार राजस्व वाँडफाँड शिर्षकमा मात्र १५ लाख विनियोजन गरी रु.११७३७६९ खर्च गरेको र अन्य खर्च अन्य फरक शिर्षकमा खर्च लेखेको पाईयो । पदाधिकारीहरुको सेवा सुविधाको भुक्तानीमा नियन्त्रण गरी ऐनमा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

| क्र.सं. | मिति | भौ. नं. | विवरण | डेबिट |
|---|---|---|---|---|
| १ | १९/०९/२०८० | ५३१ | भत्ता रकम भुक्तान । - | ७६,५००.०० |
| २ | ०३/११/२०८० | ७२० | योजना अनुगमन | १४,२४९.०० |
| ३ | ०२/१२/२०८० | ८५६ | सलिना तन्दुरी भान्सा घर लाई भुक्तान । - | १५,०००.०० |
| ४ | १०/०१/२०८१ | १००० | योजना अनुगमनको भत्ता भुक्तानी - | १, २१ , ५००.०० |
| ५ | २१/०२/२०८१ | ११४६ | अनुगमन भुक्तानी। - | ४, ८४ , ५००.०० |
| ६ | २८/०२/२०८१ | ११८२ | अनुगमन भत्ता भुक्तानी । - | ४, ६२ , ०००.०० |

५३ **अनुगमन भत्ता** (१०००-२०८१-१-१०):

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ बमोजिमको सुविधा पाउने उल्लेख छ त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्वन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक श्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ । त्यस्तै दफा १४ मा ऐन वाहेकका सुविधा प्रदेश सरकारले समय समयमा निर्धारण गरेवमोजिम हुने उल्लेख छ । नमुना परीक्षणको क्रममा पालिका क्षेत्रमा आव २०८०।८१ मा सञ्चालित विभिन्न योजनाहरुको अनुगमन कार्य गरेवापत पदाधिकारी तथा कर्मचारी समेत २४ जनालाई रु.१२१५०० भुक्तानी गरेको पाईयो । यस प्रकारको अनुगमनको लागी भत्ता भुक्तानी गर्न मिल्ने आधार नदेखिएकोले खर्चको भुक्तानीमा नियन्त्रण हुनु पर्दछ ।

५४ **बढी दरमा वैठक भत्ता** (७२-२०८१-३-२१):

बागमति प्रदेश स्थानिय तहका पदाधिकारी सेवा सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा नगर उपप्रमुखको संयोजकत्वमा गठित समितिको बैठक भत्ता रु. १००० पाउने उल्लेख छ । पालिकाले खरको छानामुक्त कार्यक्रम वागमति प्रदेश तथा वनकारीया आवास कार्यक्रमको विभिन्न १० वटा वैठक सम्पादन गरेको भनी कार्यालयका कर्मचारीमात्र उपस्थित वैठकको वैठक भत्ता वापत रु.१५०० का दरमा भुक्तानी हुँदा नियममा भएको व्यवस्था भन्दा बढी दरमा भुक्तानी भएकोले सो रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| खेम महतो | १० | ४२५० |
| अमित लामा | १ | ४२५ |
| दण्डपाणी पौडेल | १ | ४२५ |
| पुरन महतो | १ | ४२५ |
| माधव चापागाई | १ | ४२५ |
| गणेश वि क | १ | ४२५ |
| दिपेन्द्र पौडेल | १ | ४२५ |
| चन्द्र वानिया | १ | ४२५ |
| विरेन्द्र भण्डारी | १ | ४२५ |
| घनश्याम दुवाडी | १ | ४२५ |
| हरि सोति | १० | ४२५० |
| शिव सुवेदि | १० | ४२५० |
| युवराज महतो | १० | ४२५० |
| राजेन्द्र अधिकारी | १० | ४२५० |
| दिवा पोखरेल | ४ | १७०० |
| अर्जुन वस्याल | २ | ८५० |
| सन्तोष खड्का | २ | ८५० |
| | | २८४७५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,४७५ |

५५ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने

व्यवस्था गरेको छ । त्यस्तै बागमति प्रदेश "स्थानिय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा स्थानिय सेवाको कामको लागी कुनै पनि कर्मचारी करारमा राख्न नपाईने उल्लेख छ । त्यस्तै दरवन्दि भित्रका पदमा मात्र करारमा कर्मचारी राख्न पाउने नियममा भएको व्यवस्था विपरित करारमा कर्मचारी नियुक्ती गरी तलब सुविधा भुक्तानी गरेको (लोक सेवा आयोगमा समेत माग नगरेको) अनियमित देखिएको रु.

| कर्मचारी पद | संख्या | (प्रोत्साहन वाहेकको ) वार्षिक पारिश्रमिक |
|---|---|---|
| ईन्जिनियर | १ | ५६७९५७ |
| कृषि अधिकृत | १ | ५६७९५७ |
| पशु अधिकृत छैटौ | १ | ५६७९५७ |
| ईन्जिनियरिङ्ग ५ औ | १ | ४५१४९० |
| ईन्जियरिङ्ग चौथो | १ | ४५३७२६ |
| सव ईन्जिनियर | २ | ४५१४९० |
| कम्प्युटर अपरेटर | १ | ४२७७२६ |
| मत्स्य पाँचौ | १ | ४५१४९० |
| ग्रामिण सहजकर्ता | २ | ४२७७२६ |
| सामाजिक परिचालक | ४ | ४२७७२६ |
| कर सहायक | १ | ४२७७२६ |
| साईट सुपरभाईजर चौथो | १ | ४२७७२६ |
| स क अ | ४ | ४२७७२६ |
| अमिन | १ | ४२७७२६ |
| कुल जम्मा | | ६५०६१४९ |

(माडि नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि २०७५ को बुँदा नं ३ मा प्राविधिक कर्मचारी राख्ने सम्वन्धमा व्यवस्था गरेकोमा सो कार्यविधि वागमति प्रदेशको स्थानिय सेवा गठन तथा सञ्चालन ऐन २०७९ ले स्वत: खारेज भएकोमा हालसम्म पनि सो कार्यविधि अनुरुप नै कर्मचारी भर्ना तथा निरन्तरता गरेको देखिएको छ । अत: नगरपालिकामा स्विकृत दरवन्दी अनुरुप स्थानिय सेवा गठन तथा सञ्चालन ऐन २०७९ ले निर्दिष्ट गरे अनुसारको कर्मचारी रिक्त भएको अवस्थामा मात्र करार लगायतका प्रकृया अपनाएर अत्यावश्यक सेवा सुचारु गर्नका लागी आवश्यक कर्मचारी मात्र नियुक्त गर्नुपर्दछ )

| | |
|---|---|
| अनियमित भएको | ६५,०६,१४९ |

५६ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा स्वास्थ्य ईन्जिनियरिङ्गतर्फ नवौँ, आठौँ, प्रशासन स्वास्थ्यतर्फ चौथो, पाँचौँ, छैटौँ सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा र तोकिएका पदमा स्विकृत दरवन्दि वाहेकका पदमा बढी संख्यामा कर्मचारी काज तथा फाजिल रहदाँ विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । पालिकाले कार्यक्रमतर्फका करार र आन्तरिक करार समेतको

पारिश्रमिकको लागी रु.५,३८,००,००० बजेट विनियोजन गरेकोमा विभिन्न तहका ११० जना कर्मचारी करारमा नियुक्त गरी रु.३,८६,५१,२३० खर्च लेखेको छ । आन्तरीक आय श्रोतका आधारमा सहायकस्तरका अत्यावश्यक सेवा प्रवाहका लागी रिक्त दरवन्दी समेतलाई विचार गरेर अत्यावश्यक पदमा मात्र करार सेवामा जनशक्ती राखी खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

५७ **कार्यालयमा हाजीरी समयमा भ्रमण भत्ता**

आर्थिक कार्यविधि, तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । नमूना छनौट गरी श्रेस्ता र हाजिरी अभिलेख भिडान गरी परीक्षण गर्दा देहायबमोजिमका कर्मचारीले कार्यालयमा हाजिरी भएको अवस्थामा विभिन्न ठाउमा गएको कागजात पेश गरी भ्रमण भत्ता बुझेको देखियो । नमुना परीक्षणको क्रममा निम्न कर्मचारीहरु कार्यालयमा हाजिरी भएको अवस्थामा भ्रमणमा गएको भनी विश्वस्त हुने आधार नदेखिएकोले देहायबमोजिका कर्मचारीबाट भ्रमण खर्च असुल गर्नुपर्ने साथै अन्य कर्मचारीको पनि कार्यालयले भ्रमण अवधिको हाजिरी एकिन गरी असुल गर्नुपर्ने रु.

| गो.भौ.नं.र मिति | नाम थर | भ्रमण अवधी | भ्रमण स्थान | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ४२८। २०८०।८। २० | बलिराम बोट | २०८०।७। २१ देखि ७। २३ | भरतपुर | २९६० | हाजिरी अभिलेखमा हाजिरी |
| ४२८। २०८०।८। २० | बलिराम बोट | २०८०।५। २४ देखि ५। २८ | चितवन | ५१०० | हाजिरी अभिलेखमा हाजिरी |
| ६५७। २०८०।१०। ०८ | बलिराम बोट | २०८०।८। २४ देखि ८। २७ | भरतपुर | ३६०० | हाजिरी अभिलेखमा हाजिरी |
| जम्मा | | | | ११६६० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **३,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,६६० |

५८ **काज तथा भ्रमणको दिन बैठक भत्ता**

आर्थिक कार्यविधि, तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाइ प्रमाण कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । नमूना छनौट गरी श्रेस्ता र हाजिरी अभिलेख भिडान गरी परीक्षण गर्दा देहायबमोजिमका कर्मचारीले भ्रमणमा रहेको तथा विभिन्न काजमा रहेको दिन कार्यालयमा बैठक बसी बैठक भत्ता लिएको देखिन्छ । काज तथा भ्रमणको दिन कार्यालयमा उपस्थित भै बैठक बसेको हुने आधार नदेखिएकोले देहायबमोजिका कर्मचारीबाट बैठक भत्ता असुल गर्नुपर्ने साथै अन्य कर्मचारीको पनि कार्यालयले एकिन गरी असुल गर्नुपर्ने रु.

| गो.भौ.नं.र मिति | नाम थर | बैठक बसेको दिन संख्या | कर कट्टि बाहेकको रकम | बैठक बसेको मिति र सो मितिमा भएको विवरण |
|---|---|---|---|---|
| ९०३। २०८०। १२।१५ | रविन बास्तकोटी | ३ | ३८२५ | मिति २०८०।११।२०- पिपिआर खोप अभियान काजमा रहेको, मिति २०८०।०६।०७ - सेवा कालिन तालिममा रहेको, मिति २०८०।०४।२५- लम्की स्किन खोप अभियान काजमा रहेको समयमा बेठक बसी भत्ता बुझिलिएको |
| ९०३। २०८०। १२।१५ | किरण प्रसाद उपाध्याय | २ | २५५० | मिति २०८०।११।२०- काजमा रहेको, मिति २०८०।०६।०७- रेशम विकास प्रशिक्षण तालिम काजमा रहेको समयमा बेठक बसी भत्ता बुझिलिएको । |
| १२०१। २०८१। ३।७ | किरण बहादुर बिक | २ | २५५० | २०८०।१२।२७ देखि १२।२८ हेटौडा भ्रमणको समयमा कार्यालयमा खरिद इकाई समितिको बेठक बसी भत्ता बुझिलिएको । |
| जम्मा | | | ८९२५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,९२५ |

## ५९ पदाधिकारी भ्रमण खर्च

बाग्मती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५(३) को उपदफा (१)बमोजिम तीन दिन सम्मको भ्रमण आदेश अध्यक्ष / प्रमुखको हकमा स्वंयले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्ने उल्लेख छ । तर नगर प्रमुखको ३ दिन भन्दा बढि अवधिको देहायका भ्रमण आदेशमा कार्यपालिकाको स्विकृति बेगर खर्च लेखेको पाईयो । ऐनले तोकेको व्यवस्था अनुशरण गरेर मितव्ययी भ्रमण सम्पन्न गर्ने र भ्रमणका उपलव्धी समेत सार्वजनिक गर्नु उपयुक्त हुने देखिन्छ । केहि उदाहरण निम्न छन्

| गोश्वरा भौचर, मिति | भ्रमण स्थान | भ्रमण अवधि | दिन संख्या | रकम |
|---|---|---|---|---|
| ५०५।२०८०।09।13 | धादिङ्ग कुश्मा | २०८०।08।07 देखि 08।10 | ४ | ५८५० |
| ६५४।२०८०।१०।१७ | हेटौडा | २०८०।०९।२४ देखि ०९।२८ | ५ | ७६५० |
| | सिंहरदरबार | २०८०।१०।१० देखि १०।1४ | ५ | ७६५० |
| ९५९।२०८०।१२।२८ | सिंहदरबार | २०८०।१२।१६ देखि १२।२० | ५ | ७६५० |
| १००३।२०८१।०१।१० | काठमाडौं | २०८०।११।२७ देखि ११।३० | ४ | ५८५० |
| जम्मा | | | | ३४६५० |

## ६० अनुगमन भत्ता भुक्तानी

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ (ख) अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणको दायित्व पदाधिकारीलाई तोकेको छ । कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षणको प्रतिवेदन वैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश सरकार हस्तान्तरित (पुँजिगत मात्र) आषाढ महिनामा मात्र निम्नानुसारमा अनुगमन भत्ता वापतको खर्च लेखेको पाईयो । अनुदान तथा कार्यक्रमको सदुपयोग र प्रभावकारीतालाई समेत अनुगमन प्रतिवेदनलाई तुलना गरी भत्ता भुक्तानीमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| गो. भौ . मिति | अनुगमन विवरण | संख्या | अनुगमन दिन ( जना दिन ) | दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ६५- ३।१९ | नगर प्रमुख - ४ दिन , नगर उपप्रमुख - ४० दिन , समेत विभिन्न योजना अनुगमन | ३१ जना | २७६ दिन | १५०० | ४१४००० |
| ७२- ३।२१ | नगर प्रमुख - १ दिन , नगर उपप्रमुख - ११ दिन , समेत विभिन्न योजना अनुगमन | १७ जना | ८१ दिन | १५०० | १२१५०० |
| ७४- ३।२३ | नगर उपप्रमुख - ७ दिन , समेत विभिन्न योजना अनुगमन | १२ जना | ५६ दिन | १५०० | ८४००० |
| ७५- ३।२३ | नगर प्रमुख - ८ दिन , नगर उपप्रमुख - ४० दिन , समेत विभिन्न योजना अनुगमन | ३६ जना | ४१६ दिन | १५०० | ६२४००० |
| ७६- ३।२३ | उप प्रमुख ३, प्रमुख प्रशासकिय अधिकृत ५ दिन समेत स्यालो ट्युबेल अनुगमन | १२ जना | ३४ दिन | १५०० | ५१००० |
| ५७- ३।२३ | उप प्रमुख ३ दिन समेत डिप बोरिङ्ग अनुगमन | १३ जना | १९ दिन | १५०० | २८५०० |
| ५६।३।१४ | धानवाली प्रवर्धन कार्यक्रम अनुगमन उपप्रमुख – २ दिन समेत | ११ जना | १६ दिन | १५०० | २४००० |
| प्रदेश | नगर प्रमुख ३ दिन उपप्रमुख ११ सहित १७ जना | १७ जना | ८१ दिन | १५०० | १२१५०० |

६१ **स्वास्थ्य विमा कार्यक्रम**

स्वास्थ्य विमा वोर्डवाट स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन हुने गरेकोमा वीमित व्यक्तिको ५ जनासम्म परिवारको लागि रु. १ लाख र ५ जनाभन्दा बढी सदस्य भएको परिवारको प्रत्येक सदस्यको थप रु.२००००।०० का दरले अधिकतम रु. २ लाख सम्मको औषधोपचार वापतको रकम यस कार्यक्रमवाट व्यहोरिने र सो को सोधभर्ना स्वास्थ्य वीमा वोर्डबाट हुने गरेको छ । सो कार्यक्रममा पालिकामा स्थायि वसोवास भएका सर्वसाधारणले तिर्नुपर्ने विमा शुल्क रकम पालिकाले स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत जम्मा रु १ करोड १० लाख विनियोजन गरी रु ६२ लाख ९८ हजार खर्च लेखेको छ ।संघीय सरकारको कार्यक्रमको लागि जनताले तिर्ने अंशलाई शत प्रतिशत नै पालिकाले व्यहोरेको छ । संघको कार्यक्रमको लागी पालिकावाट सर्वसाधारणको तर्फवाट शुल्क तिरी विमा गराएको देखिन्छ । संघिय सरकारको कार्यक्रममा स्थानिय सरकारवाट शत प्रतिशत नै शुल्क तिरी खर्च गरेको पाईयो । यस सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

६२ **अधुरो योजनाको कार्यसम्पन्न** (३५७-२०८१-३-१३):

सार्वजनिक खरिद नियमावली २०६४(एघारौँ संशोधन) को नियम ११७ को २(क) मा निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्धेश्यअनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा भएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्विकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले ठेक्का नं १०।०७७।७८ को शिवराज ढिकुरवारी वडा नं ६ वाटो पिच गर्ने कार्यका लागी लोहनि एण्ड सन्स् कन्स्ट्रक्सनसँग रु.१२५४०१६२।४१ को लागतमा म्याद थप समेतको २०८१।२।३१ मा सम्पन्न गर्ने गरी मिति २०७७।११।१२ मा सम्झौता भएकोमा पटक पटकको म्याद थप पश्चात् जम्मा रु.१०६३८००१।११ (अर्थात् ८५ प्रतिशत) को मात्र काम भएको पाईयो । यसरी सम्झौताको नब्वे प्रतिशत भन्दा कम काम भएको अर्थात् रु.१९,०२,१६१।३० (१५ प्रतिशत काम वाँकि रहेको) अवस्थामा समेत कार्यस्विकार प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको पाईयो । यसरी पालिकाले नियममा भएको व्यवस्था विपरित कार्यस्विकार प्रतिवेदन जारी गरी अन्तिम भुक्तानी गरेको अनियमित देखिएको रु.

| अनियमित भएको | १९,०२,१६१ |
|---|---|

६३ **त्रैमासिक खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रमा अभिलेख भएको पालिकातर्फको पूजिगत त्रैमासिक खर्च विवरणअनुसार जम्मा खर्च रु.२६८४९७०८७।५६ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.४११६८०६४।९७ ( १५ प्रतिशत) दोश्रो त्रैमासिकमा रु.८३५२४९१।४६ ( ३ प्रतिशत) तेश्रो त्रैमासिकमा रु.६९८५९४४७।४२ ( २६ प्रतिशत) चौथो त्रैमासिकमा रु. १४९११७०८३।७१ ( ५६ प्रतिशत) र आषाढमा मात्र रु.९८८६७१४७।२९ ( ३६ प्रतिशत) खर्च भएको पाईयो । आषाढ महिनामा मात्र ३६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने, प्राविधिक जनशक्तिको अभाव हुन जाने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा आएर खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । स्विकृत कार्यक्रमअनुसार त्रैमासिक रुपमा संन्तुलीत खर्च हुने गरी कार्यक्रम स्विकृत एवं कार्यान्वियन गरिनुपर्दछ ।

६४ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १ देखी ३५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक दररेट स्विकृत भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा दुविधा थपिएकोले एकिन गर्नसक्ने अवस्था, आधार, कारण उपलव्ध भएन । यस सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको एकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा ठेक्का कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| योजनाको नाम | निर्माण व्यवसायी | ल.ई. रकम (रु.) | सम्झौता | घटी प्रतिशत |
|---|---|---|---|---|
| Construction Of Balkalyan Basic School 8 Room Building, Jagannathpuri, Madi-7 | जानुका कन्स्ट्रक्सन , माडी-७ , चितवन | ९९९९७८१ | ७२५००८३ | २७ |
| Construction of Black Top Road from ward no.7 ward office to on the way of Syaulibaas Krishna Mandir Road | गौतम निर्माण सेवा , पटिहानी-४ , चितवन | २९९९९१४८ | २६४७६४१३ | १२ |
| Construction of Shivalaya Mandir Infrastructure | महाकाली कन्स्ट्रक्सन भरतपुर-९ , चितवन | २४९९३१८ | १९४९६५९ | २२ |
| Construction of Black Top Road from ward no.5 Madi Campus-Naya Pipariya-Milan Chowk to Ward no.6 Jankalayan Ma.bi. | साविक अल्फास कन्स्ट्रक्सन जे.भी. , भरतपुर-६ , चितवन | २९९९९१८७ | २७५५६८२५ | ८ |
| Construction of Black Top Road from Srijana Chowk to Bhangeta Road | महाकाली कन्स्ट्रक्सन भरतपुर-९ , चितवन | ८०९९६४७ | ८०२११४१ | १ |
| Construction of Black Top Road from Tamu Chowk to Puspa Madan Batika | जानुका कन्स्ट्रक्सन , माडी-७ , चितवन | ९९९९२४१ | ९२६०५५६ | ७ |
| Riu Bagai kulo maintenance Work | सुर्यलक्ष्मी कन्स्ट्रक्सन , माडी- 5, चितवन | १९९९९८१ | १६३४९६७ | १८ |
| Construction of Madi Ma.bi. Infrastructure works. | एम एस महाकाली कन्स्ट्रक्सन , राप्ती-९ , चितवन | १२६९९९०८ | ८८०८२८३ | ३१ |
| Construction of Diwakar Smriti Secondary School Building( Up to Ground floor ) | एम एस महाकाली कन्स्ट्रक्सन , राप्ती-९ , चितवन | ११२७७९५३ | ७५५३१९४ | ३३ |
| Construction/ Upgrading of roads under Package- 1 (Roads construction work at Ward no. 3 & 5 of Madi Municipality) | आर.एन सफल कन्स्ट्रक्सन माडी-४ , चितवन | ९८९५२१५ | ९३०१६१३ | ६ |
| Construction/ Upgrading of roads under Package- 2(Roads construction work at Ward no. 7 & 8 of Madi Municipality) | आर.एन सफल कन्स्ट्रक्सन माडी-४ , चितवन | ९९९९३८६ | ९०४५८१० | १० |
| Construction of Kalyanpur Health Post Building | गौतम बिल्डर्स भरतपुर-३ , चितवन | ९२४९९४५ | ६४२३०९५ | ३१ |
| Infrstructure, Electrification and Sanitary works in madi Municipality Office Building. | पाठक ब्रोद्रस कन्स्ट्रक्सन माडी-६ , चितवन | ३९९९८६४ | ३९३१९९५ | २ |
| Ward no.6 Anand Bishram Chautari ma Samudayik Bhawan Nirman, Madi Nagarpalika | पाठक ब्रोद्रस कन्स्ट्रक्सन माडी-६ , चितवन | ३२४९७४६ | २३८५७५५ | २७ |
| Construction of Black Top Road from Remaining Chainage of film hall chowk to Inar Baruwa Road | जानुका कन्स्ट्रक्सन , माडी-७ , चितवन | १६९९६१३ | १६९८२०८ | ० |
| Construction of Culvert at Bagai Khola | आन्बी कन्स्ट्रक्सन एण्ड सप्लायर्स , माडी- 5, चितवन | ४१९९९५७ | ३०७५३८५ | २७ |
| Construction of Baghauda Hospital | Nivani Constrution & Suppliers Koteshwor-32, Kathmandu | १९९९२९१० | १२९३५१६८ | ३५ |
| Construction of Diwakar Smriti School Building( 8 Room ) | Nivani Constrution & Suppliers Koteshwor-32, Kathmandu | ११५२२०९६ | ७८३७८९४ | ३२ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| Construction of Black Top Road From Sibrajpur to Dhikurbari in ward no.5-6 | Loahani & Sons Construction Pvt. Ltd. | १९१६६६२८ | १२५४०२१६ | ३५ |

## ६५ ठेक्काको विवरण

सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ ले ठेक्काको व्यवस्थापन प्रथम त्रैमासिकमा सम्पन्न गरी कार्यान्वयनमा लैजाने गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने तोकेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| ठेक्का विवरण ( रकम रु . हजारमा ) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो त्रैमासिकका ठेक्का | | दोस्रो त्रैमासिकका ठेक्का | | तेस्रो त्रैमासिकका ठेक्का | | चौथो त्रैमासिकका ठेक्का | | जम्मा ठेक्का | | असारमा मात्र ठेक्का | |
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ९ | ९८५११११२५ | ८ | ४१८८३४६२ | ४ | ६८२६३९२ | ० | ० | २१ | १४७२५६९७९ | ० | ० |

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रू.१४ करोड ७२ लाख ५७ हजार लागतको २१ ठेक्का वन्दोवस्त गरेकोमा प्रथम त्रैमासिकमा रु.९ करोड ८५ लाख ११ हजारको ९ ठेक्का, दोश्रो त्रैमासिकमा रु.४ करोड १८ लाख ८३ हजारको ८ ठेक्का र तेश्रो त्रैमासिकमा रु.६८ लाख २६ हजारको ४ ठेक्का व्यवस्थापन भएको देखिन्छ । ऐन तथा नियमावलीले तोकेअनुसार ठेक्का सम्झौताको कार्य प्रथम त्रैमासिकमा सम्पन्न हुनेगरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ ।

## ६६ सार्वजनिक परिक्षण

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई दिगो भरपर्दो र प्रभावकारी वनाई स्विकृत कार्यक्रमको सामाजिक परिक्षण अन्तर्गत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्गा वमोजिमको कार्य भएको देखिएन । ऐनमा तोकिएकमोजिम आफ्ना खर्च भएका योजना कार्यक्रमहरुको सार्वजनिक परिक्षण एवं सो को सार्वजनिक सुनुवाई गरी पालिकावाट हुने आर्थिक कारोवारमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

## ६७ निर्माण व्यवसायीको काममा विमाको प्रावधान नराखेको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा उल्लेख भएकोमा बाहेक बीस लाख रुपैयाँ भन्दा बढीको निर्माण कार्य गर्दा विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले प्रशासकिय भवन निर्माण तथा स्यानिटरी समेको कामको लागी कुल जम्मा रु.३९,३१,९९४ मा सम्झौता भई सम्पन्न भएकोमा सो काम गर्न व्यवस्था गरिएका कार्यहरुमा व्यक्तिगत दुर्घटना, उपकरण र गरिने कामको वीमा गर्नुपर्नेमा निर्माण व्यवसायीले गर्ने काममा विल अफ क्वाण्टिटिमा समेत विमा सम्बन्धी प्रावधान नै राखेको देखिएन । निर्माण व्यवसायीवाट गराएको कतिपय २० लाख माथिका ठेक्काको काममा समेत विमाको प्रावधान नराखि काम गराएको नियमसम्मत देखिएन ।

## ६८ उपभोक्ता समिति परिचालन सम्बन्धमा

एक करोड रुपैयासम्मको लागत अनुमान भएको सोहि आर्थिक वर्षमा सम्पन्न हुन सक्ने निर्माण लगायतका जनचेतनामुलक कार्य उपभोक्ता समितिवाट गर्न सकिने व्यवस्था सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ (१) ले तोकेको छ । पालिका कार्यालयले केही ठुला संरचना निर्माण कार्य बाहेक अधिकांश निर्माण कार्य उपभोक्ता समिति मार्फत् गराउने गरेको देखियो । यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् ।

६८.१ **(क) उपभोक्ता समिति दर्ता** - संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । पालिकाले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन। उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

६८.२ **(ख) योजना हस्तान्तरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत् सञ्चालन भएका योजनाहरु सम्पन्न भैसके पश्चात समितिलाई नै हस्तान्तरण गर्नुपर्नेमा विगत वर्षदेखि सञ्चालन गरिएका कुनै पनि योजना सम्वन्धित समुदायलाई मर्मत सम्भारको जिम्मेवारी समेत हस्तान्तरण गर्ने गरेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी योजनाहरुको स्वामित्व उपभोक्ता समितिमै रहने गरी हस्तान्तरण गर्ने कार्यमा पालिकाको ध्यान जानुपर्दछ। मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी र जनश्रमदान सहित रु.१ करोडको निर्माण कार्यको मात्र उपभोक्ता समितिबाट गराउन सकिनेमा सो बमोजिम भए नभएको तथा लागत अनुमान तयार तोकीए बमोजिम भए नभएको

६८.३ **(ग) हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उप नियम (९) मा उपभोक्ता समितिबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने तर उप नियम (९क) अनुसार सो विपरीत हेभी मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरिने उल्लेख छ । यस पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको मेशिन प्रयोग गर्नु अगाडी प्राविधिकवाट स्विकृति लिनुपर्नेमा नियमावलीको व्यवस्था बमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

६८.४ **(घ) जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । उपभोक्तासँग पूँजिको अभाव हुने, जोखिम वहन गर्ने प्रत्याभुति नहुने, दक्ष प्राविधिक नहुने, संरचना निर्माणमा प्रयोग हुने हेभि इक्विपमेन्ट, मेशिन नहुने यथार्थलाई ध्यानमा राख्दा संझौताका आधारमा योजना कार्यान्वयन गर्न सक्ने क्षमता समितिसँग देखिँदैन । तसर्थ यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ ।

६८.५ **(ङ) मर्मत सम्भार कोष** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समितिले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समितिले सम्पन्न योजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेकोमा उपभोक्ता समिति मार्फत् सम्पन्न योजना मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । साथै पालिकाले उपभोक्ता समितिसँग गरिने सम्झौतामा त्यस्तो प्रावधान राखेको समेत नपाइएकोले निर्मित योजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरीनुपर्दछ ।

६८.६

**(च) धरौटीको व्यवस्था** - उपभोक्ता समितिबाट गरेको कार्यमा तोकिएको अवधि सम्म दुरुस्त राख्नु पर्ने भएमा त्रुटि सच्याउने अवधि सम्मको धरौटी राख्नु पर्दछ । त्रुटि सच्याउने अवधिसम्मको धरौटी राखे गरेको पाईएन । निर्माण कार्यको भुक्तानी गर्दा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।

६८.७ **(छ) खर्चको अनुमोदन** - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । सार्वजनिक सुनुवाई लगायत सामाजिक लेखापरीक्षण गरी भुक्तानीको लागी पालिकामा पेश गर्नुपर्नेमा केहि योजनाको भुक्तानीमा सो वेगर भुक्तानी सिफारिस हुने देखिएकोले नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको पूर्ण बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गरेपश्चात् भुक्तानी हुने व्यवस्था हुनुपर्दछ ।

६८.८ **(ज) प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वर्षान्तमा संम्झौता अनुसार निर्माण भएका यस्ता निर्माणाधिन संरचनाको स्थलगत मापन मुल्यांकन नगरी भुक्तानीका लागी लागत अनुमानकै हाराहारीमा विलिङ्ग गरी परीमाण मापन मुल्यांकन गरेर विल प्रमाणित गरी खर्च लेख्नु उपयुक्त देखिएन । यस्तै प्रकृतिका अधिल्ला महिनामा भुक्तानीका लागी पेश भएका समान खाले निर्माणाधिन संरचना ६० प्रतिशतको हाराहारीमा मात्र मुस्किलले ठेक्का कार्यान्वियन भई भुक्तानी भएको अवस्थामा वर्षान्तमा सम्झौता भएका निर्माण संरचनामा वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उपभोक्ताले व्यहोरेका कामहरुको मापन मुल्यांकन समेत उल्लेख गर्ने गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

६८.९ **(झ) उपभोक्ता समितिलाई म्याद थप** - पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना नआएको सुनिश्चितता देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । कार्यपालिकाको पटके वैठकले अधुरा अपुरा उपभोक्तासँग भएका सम्झौताहरुलाई विना आधार पटक पटक म्याद थप गर्दै आएको स्थिति छ । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

६८.१० **(ञ) उपभोक्ता समितिका वील भरपाईहरु** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको मूल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । उपनियम (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ११ मा उपभोक्ता समिति वा लाभग्राही

समुदायको निर्माण कार्य सम्पन्न गरिसकेपछी सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायवाट प्राप्त रकम र जनसहभागिता व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको बिबरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट उपभोक्ता समिती मार्फत संचालित निर्माण कार्यको को प्राविधिक विल र खर्च प्रमाणित गर्ने विल विच सामञ्जस्यता देखिएन । वास्तविक खरिद परिमाण भन्दा घटी/बढि परिमाण देखिएकोले पालिकाले सो सम्बन्धमा एकिन गरेर निर्माण कार्यको विल भुक्तानी गर्नुपर्दछ ।

उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दर रहेको मु.अ. कर सहितको जिल्ला दररेटको आधारमा मूल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई निर्माण सामाग्री खरिदमा दिएको मूल्य अभिवृद्धि कर वापतको रकम समेत बढि दरमा मूल्याङ्कन हुँदा उपभोक्ता समितिलाई बीजक मूल्य भन्दा बढी भुक्तानी हुन सक्ने अवस्था छ ।कार्यालयले बिल अनुसारको मूल्यांकन गरी न्यून बिजकीकरणलाई नियन्त्रण गर्न जरुरी देखिन्छ ।

**(ट) सब कन्ट्रयाक्टर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरवाट गराउन नसकिने उल्लेख छ । कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत् काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सब कन्ट्रयाक्टरले पेश गरेको माल मटेरियल सहितको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप ब्ययभार परेको देखियो । सो सम्बन्धमा पालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ ।

६९ **म्याद नाघेको पेस्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजातसहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्थ । सोही नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्स्योटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने उल्लेख छ । देवि खड्काले लिएको कार्यक्रम खर्च वापत रु.३०००० वर्षान्तसम्म नियमानुसार पेश्कि फछर्यौट् भएको देखिएन । नियमावलीको व्यवस्थाअनुसार वाँकि पेश्कि असुल फछर्यौट् हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

७० **पालिका कार्यालयका काम उपभोक्ता समितिवाट गराएको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय,रोजगारी श्रृजनागर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले प्रतिस्पर्धात्मक खरिद विधिवाट निर्माण गर्नुपर्ने, आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार खर्च गरेको पाइयो। उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको लागी बोलपत्र आव्हान गरी गर्नुपर्ने कार्यहरु समेत उपभोक्ता समितिमार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लाभग्राही समुदायमार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रु.

| गो भौ नं | कार्यालयको काम | ल ई | कार्यसम्पन्न | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३३२।२।३० | २ नं वडा भवन निर्माण उपभोक्ता समिति | ८३८५४८ | ८३३३०९ | ७२२६५४ |
| ४२६।३।२३ | ९ नं वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | १६६५८३ | १६६५८३ | १४५४१५ |
| ३७७।३।१८ | जनस्वास्थ्य स्टोर पुर्वाधार निर्माण उपभोक्ता समिति | ८३३३९५ | ८३३३९५ | ५३५५७० |
| | | | जम्मा | १४०३६३९ |

| | |
|---|---|
| अनियमित भएको | १४,०३,६३९ |

७१ **उन्नत पाडी तथा बाख्रा खरिद**

१०१६।२०८१।०१।१३ आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। नमुना परीक्षणको क्रममा देहाय बमोजिमको कार्यक्रमबाट देहायबमोजिमको पाडी तथा बाख्रा वितरण कार्यमा नाप जाँच, तौल मापन तथा जिल्ला दर रेट लाई आधार नलिई सबै बाख्रा तथा पाडीको खरिद तथा वितरण गर्ने कार्य नियम सम्मत नभएको रु. ८७८५००

| गोश्वरा भौचर मिति | कार्यक्रम | खरिद कार्य | संख्या | दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १०१६।२०८१।१।१३ | उन्नत जातको पाडी वितरण | उपभोक्ता समिति मार्फत कार्य | १४ | ३१५०० | ४४१००० |
| ११३०।२०८१।२।३० | उन्नत जातको बाख्रा वितरण | उपभोक्ता समिति मार्फत कार्य | २५ | १७५०० | ४३७५०० |
| | जम्मा | | | | ८७८५०० |

| | |
|---|---|
| अनियमित भएको | ८,७८,५०० |

७२ **दुधमा अनुदान**

७८७।२०८०।११।१६ – आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। नमुना परिक्षणको क्रममा दुधमा अनुदान प्रति लिटर ४ निरन्तरता शिर्षकबाट २०८०।३।१ देखि २०८०।३।३० सम्मको दुधमा अनुदान भुक्तानी गर्दा कृषक समुह तथा सहकारी समेतका ६१८ जना कृषकको लागी प्रति लिटर रु. ४ रुपैया अनुदानबाट रु.२१४७१३७ रकम भुक्तानी दिएको विवरण पेश भएको छ । अनुदानस्वरुप वितरित उक्त रकम सहकारीले सदस्यहरुको वैंक वा सहकारीको खातामा जम्मा भएको देखिदैन । साझेदार संस्था मार्फत् गएको दुधको अनुदान सम्वन्धित लाभग्राहि किसानको वैंक खातामा जम्मा हुने गरी अनुदानको वितरण गरी अनुदान रकमको पारदर्शिता एवं प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ ।

७३ **कन्टिन्जेन्सी खर्च**

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४(दोश्रो परिमार्जन) बमोजिम जुन शीर्षकमा बजेट विनियोजन भएको हो सोही शीर्षकमा मात्र खर्च गर्न मिल्ने व्यवस्था रहेको छ । त्यस्तै सभाले विनियोजन गरेको वजेटकै आधारमा खर्च लेख्नुपर्नेमा पालिकाले देहायका मिति र भौचरबाट विनियोजन भएको शीर्षकभन्दा फरक शीर्षकमा खर्च गरेको छ । यसरी विनियोजन भएको शीर्षक विभिन्न रकमवाट अनुगमन भत्ताको भुक्तानी भएकोले फरक शीर्षकमा गरिएको खर्च नियमसम्मत देखिएन । कन्टिन्जेन्सीतर्फवाट खर्च लेख्दा कार्यक्रम तथा योजनागत रुपमा अभिलेख राखी सोही अनुसार खर्च लेख्नुपर्दछ ।

| गो भौ नं | खर्च लेखेको शिर्षक | विवरण | खर्च लेखेको रकम |
|---|---|---|---|
| ७५।३। २३ | शिबालय मन्दिर पूर्वाधार निर्माण, बानियाँडाँडा माडी-७ , | प्रदेश हस्तान्तरिक कार्यक्रममा ३९ जना अनुगमन भत्ता वुझेकोमा जम्मा रु. ६२४००० | ७५००० |
| | बगई खोला कल्भर्ट निर्माण, माडी-९ | | १२०००० |
| | खेतीयोग्य जमिनमा डिप बोरिङ्ग पाईप लाईनिङ्ग, माडी-४ | | ३०००० |
| | रिउ बगइ कुलो मर्मत कार्य माडी ९ चितवन | | ४०००० |
| | खेतीयोग्य जमिनमा सिंचाइ स्यालो डिप बोरिङ्ग, माडी-६ | | ६०००० |
| ७४।३। २३ | समुह।सहकारी मार्फत् मत्स्य ह्याचरी स्थापना तथा सम्पन्न | प्रदेश हस्तान्तरिक कार्यक्रममा १२ जना अनुगमन भत्ता वुझेकोमा जम्मा रु. ८४००० | ३५००० |
| | माछा प्रबर्धन कार्यक्रम, माडी-७ | | ४९००० |

७४ **करार कर्मचारीलाई सञ्चय कोष र महंगी भत्ता भुक्तानी**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. २१७ मिति २०७४-१-२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु. १० हजार पोशाक खर्च मात्र पाईने व्यवस्था छ।त्यसै गरी संघिय सरकार अर्थ मन्त्रालयले मिति २०७९-१-२१ मा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनि मिति २०७९-१-१५ मा गरेको निर्णयको जानकारी गराएको देखिन्छ ।

त्यस्तै बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ७३ अनुसार स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी बाहेक अन्य करार तथा ज्यालादारीमा स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई मासिक तलबमा सञ्चय कोष कट्टी गरी सो कट्टी बराबर स्थानीय तहले थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गर्ने व्यवस्था रहेको छैन । पालिकाले यस वर्ष करार सेवामा कार्यरत निम्न कर्मचारीलाई स्थायी कर्मचारी सरह तलबमा १० प्रतिशत कट्टी गरी सोही बराबरको रकम थप गरी सञ्चय कोष भुक्तानी गरेको छ । पालिकाले यस्तो खर्च गर्दा यसले पार्न सक्ने दूरगामी असर बारे विश्लेषण समेत गरेको छैन । अत: अर्थ मन्त्रालयको परिपत्रको परिपत्र विपरित महंगी भत्ता र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन विपरित सञ्चय कोष वापत खर्च लेखेको रकम सम्वन्धितवाट असूल गरी दाखिला गर्नुपर्ने रु.

| सि नं | नाम थर | मासिक संचय कोष | संचय कोष चैत्र सम्म | महंगी भत्ता | महंगी भत्ता चैत्र सम्म | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | किरण प्रसाद उपाध्याय | ४३६९ | ३९३२० | २००० | १८००० | ५७३२० |
| २ | प्रवीण भण्डारी | ४३६९ | ३९३२० | २००० | १८००० | ५७३२० |
| ३ | युबराज महतो | ४३६९ | ३९३२० | २००० | १८००० | ५७३२० |
| ४ | सुवास सुनार | ३४७३ | ३१२५७ | २००० | १८००० | ४९२५७ |
| ५ | सुशिल पौडेल | ३४७३ | ३१२५७ | २००० | १८००० | ४९२५७ |
| ६ | अर्जुन बस्याल | ३२९० | २९६१२ | २००० | १८००० | ४७६१२ |
| ७ | कुल प्रसाद पंगेनी | ३२९० | २९६१२ | ० | ० | २९६१२ |
| ८ | ममता चौधरी | ३२९० | २९६१२ | २००० | १८००० | ४७६१२ |
| ९ | सन्तोष सुवेदी | ३२९० | २९६१२ | २००० | १८००० | ४७६१२ |
| १० | सरीता सापकोटा | ३२९० | २९६१२ | २००० | १८००० | ४७६१२ |
| ११ | हिरा बहादुर कार्की | २७६१ | २४८५१ | ० | ० | २४८५१ |
| १२ | धन प्रसाद गौतम | २६४५ | २३८०५ | २००० | १८००० | ४१८०५ |
| १३ | अजिता न्यौपाने | २४७० | २२२३२ | २००० | १८००० | ४०२३२ |
| १४ | केशव राज काफ्ले | २४७० | २२२३२ | २००० | १८००० | ४०२३२ |
| १५ | टेक नाथ पौडेल | २४७० | २२२३२ | ० | ० | २२२३२ |
| १६ | माया देवी अधिकारी | २४७० | २२२३२ | २००० | १८००० | ४०२३२ |
| १७ | शावित्री चपाई | २४७० | २२२३२ | २००० | १८००० | ४०२३२ |
| १८ | सुस्मा ढकाल | २४७० | २२२३२ | २००० | १८००० | ४०२३२ |
| १९ | आरती रानाभाट | १९०० | १७१०० | ० | ० | १७१०० |
| २० | जितेन्द्र कुमार महतो | १९०० | १७१०० | ० | ० | १७१०० |
| २१ | देवी अधिकारी | १९०० | १७१०० | ० | ० | १७१०० |
| २२ | पुनम महतो | १९०० | १७१०० | ० | ० | १७१०० |
| २३ | लक्ष्मी अधिकारी | १९०० | १७१०० | ० | ० | १७१०० |
| २४ | लालकुमारी रामदाम | १९०० | १७१०० | ० | ० | १७१०० |
| २५ | विष्णु अधिकारी | १९०० | १७१०० | ० | ० | १७१०० |
| २६ | सर्मिला महतो | १९०० | १७१०० | ० | ० | १७१०० |
| २७ | सरिता पोखरेल रेग्मी | १९०० | १७१०० | ० | ० | १७१०० |
| २८ | बलिराम बोट | ३४७३ | ३१२५७ | २००० | १८००० | ४९२५७ |
| २९ | नवराज आचार्य | ३२९० | २९६१० | २००० | १८००० | ४७६१० |
| ३० | विष्णु प्रसाद ढकाल | २९७२ | २६७४८ | २००० | १८००० | ४४७४८ |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१ | राजकुमार पन्त | ० | ० | २००० | १८००० | १८००० |
| ३२ | उषा बस्नेत | ० | ० | २००० | १८००० | १८००० |
| ३३ | विज्ञान कार्की | ० | ० | २००० | १८००० | १८००० |
| ३४ | पुष्पा सुवेदी | ० | ० | २००० | १८००० | १८००० |
| ३५ | बिपन लामिछाने | ३४७३ | ३१२५७ | ० | ० | ३१२५७ |
| ३६ | यमुना ढकाल | ४३६८ | ३९३१२ | ० | ० | ३९३१२ |
| ३७ | अस्मिता सुवेदी | ३२९० | २९६१० | ० | ० | २९६१० |
| ३८ | सन्तोष खड्का | ३२९० | २९६१० | ० | ० | २९६१० |
| ३९ | पुषा चौधरी | ० | ० | २००० | १८००० | १८००० |
| ४० | मन्जु महतो | ० | ० | २००० | १८००० | १८००० |
| ४१ | निरा महतो | ० | ० | २००० | १८००० | १८००० |
| ४२ | सरु बलाया श्रेष्ठ | ० | ० | २००० | १८००० | १८००० |
| ४३ | श्रृजना तिनवारी | ० | ० | २००० | १८००० | १८००० |
| ४४ | अनिल बस्याल | ४३६८ | ३९३१२ | २००० | १८००० | ५७३१२ |
| | जम्मा | १०२३५५ | ९२११९६ | ५६००० | ५०४००० | १४२५११९६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२५,१९८ |

## ७५ प्रोत्साहन भत्ता

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को वुँदा नं ७.१.४ मा अतिरिक्त समयमा हुने काम र सो कामको नतिजा लेखाउत्तरदायि अधिकृतवाट प्रमाणित गराएको हुनुपर्ने उल्लेख छ । त्यस्तै नियमित काम वाहेक विशेष कामको लागी दैनिक २ घण्टा भन्दा बढी काम गरेको साथै विद्युतिय हाजिर प्रणाली अनिवार्य रुपमा लागू भएको हुनुपर्ने र यसरी अतिरिक्त कार्य गर्दा खाना खाजा वापत रु.३०० भुक्तानी हुने उल्लेख छ । तर पालिकाले नियमित तलवका अतिरिक्त प्रोत्साहन भत्ता समेत भुक्तानी भएकोमा सुचक निर्धारण नगरी एवं विद्युतिय हाजिरी वेगर अतिरिक्त काम गरेको जनाई भत्ता भुक्तानी गरेको पाईयो । पालिकामा नियमित कर्मचारीलाई प्रोत्साहन अन्तर्गत प्रोत्साहन भत्ता समेत विभिन्न शिर्षकमा रु.४२,५०,००० विनियोजन गरेकोमा नियमित कर्मचारी तर्फ रु२०२२५९८.२५ र हेभि ईक्विपमेन्टतर्फ रु. ९८७३०२ र अन्य कर्मचारीको लागी रु.१२४८२०५ समेत कुल ८६ कर्मचारीलाई कुल जम्मा रु.४२,३४,३६४ प्रोत्साहन भत्ता वापत भुक्तानी भएकोमा विद्युतिय हाजिरी परीक्षण गर्दा साविक १०-४/५ वजेको अवधि रहेको तथा हाजिरी तथा कामको अद्यावधिक विवरण समेत पेश नभएको तथा कुनै पनि सुचक निर्धारण नगरी सभाको निर्णयका आधारमा मात्र भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन । यसवाट पालिकालाई अतिरिक्त व्ययभार समेत परेको छ । विद्युतिय हाजिरी तथा अतिरिक्त कामको विवरण प्रमाणित अद्यावधिक विवरण लगायतका सुचकहरु निर्धारण गरी यस प्रकारको प्रोत्साहन भत्ता खर्च लेख्ने व्यवस्था गर्नुपर्दछ ।

## ७६ कृषि तथा अन्य कार्यक्रम

७६.१ स्थानीयस्तरमा विनियोजन शसर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ ले अनुदान लिने लाभग्राही छनोट , कार्यकम सञ्चालन प्रकिया तोकी नियम अनुसार अनुदानको प्रतिशत एंव सीमा तोकी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी स्थानिय तहलाई दिएको छ। त्यसैगरी साझेदार संस्था छनोटका प्रकृया एवं लागत साझेदारीका विषयहरु समेत उक्त कार्य विधीमा तोकीएको छ ।

पालिकाले लाभग्राही छनोटमा एउटा समुह वा एउटा निजी फर्मको मात्र प्रस्ताव पेश गरेको आधारमा अनुदान दिने तथा यस्तो अनुदान परीचालन गर्न साझेदार संस्थाहरु साना किसान सहकारी संस्था मार्फत अनुदान कार्यान्वियन हुने गरेको र यीनै संस्थालाई अनुदान रकम भुक्तानी हुने गरेको छ। तर यस्ता साझेदार सस्थाहरुले उक्त कार्यक्रमको कार्यान्ययनमा लगत सहभागिता जनाउने नगरेका लाभग्राहीले व्यहोर्ने ५० देखी ३० प्रतिशत अनुदान समेत यस्ता संस्थामा म्याचिङ फण्डको रुपमा प्राप्त हुने गरेको देखिदैन ।खरीद गरेका सामानको विलका आधारमा कायम खर्च रकमको ५० प्रतिशतले हुने रकम साझेदार संस्था मार्फत् लाभग्राहिलाई भुक्तानी दिने गरेको छ । यसरी अनुदान भुक्तानीमा कार्यविधिको अनुसुची २ दफा ११ संग सम्वन्धित दर अनुसारको लागत सहभागिता सहितको प्रस्तावमा उल्लेखित लक्ष्य एंव भौतिक प्रगती अनुसारको उपलब्धि मापन मूल्याकन समेत हुने गरेको देखिएन । साझेदारीको रुपमा रहेका सहकारी संस्थालाई लागत सहभागितामा अनुदान दिदाँ लाभग्राहि,साझेदार संस्थाहरुले प्रस्तावमा जम्मा गर्ने योगदान म्याचिङ्ग फण्डमा जम्मा भएपश्चात् यस्तो अनुदान लाभग्राहीको खातामा सस्थामार्फत् अनुदान रकम जम्मा गरी अनुदान कार्यक्रम कार्यान्वियन गर्नु पर्दछ ।

७६.२ माडी नगरपालीकाको ११ औ नगरसभावाट पारित आ व २०८०।८१ को प्रस्तावीत नीत तथा कार्यक्रमहरु मध्ये सम्पदा सम्मन्न माडी नगर इको र पर्टयनको शहरको दिर्घकालीन सोच सहित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वियनका लागी पारीत भएको देखियो । सिमरा सौराह (सिसौ) परीयोजना कार्यान्वियन, नदी मेशीनका लागत प्रभावी योजना कार्यान्वियन जस्ता महत्वकांक्षी नीति तथा कार्यक्रमको लागी कार्यान्वियनका लागी प्रस्ताव गरीएतापनी वार्षिक बजेट तथा कार्यक्रमले यस्ता कार्यक्रमलाई वजेट विनियोजन एवं प्राथिमिकिकरणमा राखेको देखिएन । सभामा प्रस्ताव गरे अनुसारका नीति तथा कार्यक्रम कार्यान्वियनमा सघाउ पुग्ने गरी वजेट तथा कार्यक्रम व्यवस्था गरी यस्ता महत्वकाक्षी योजना कार्यान्वियनमा जोड दिन उपयुक्त हुन्छ ।

७६.३ स्थानीय तहमा विनीयोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१ले कृषि पुर्वाधार एवं उत्पादन सामाग्रिमा घटीमा ५० प्रतिशत देखी ८० प्रतिशत सम्म लागत व्यहोर्ने गरी अनुदान वितरण गर्न सक्ने व्यवस्था गरेको देखिन्छ । यस वर्ष प्रदेश हस्तातरित (पूजिगत) कार्यक्रम तथा संघिय सरकार अनुदान (पूजिगत कार्यक्रम) धानवाली प्रवर्धन माछा नर्सरी स्थापना माछा पालन अनुदान मौरी पालन अनुदान जस्ता लागत साझेदारीका विभिन्न २३ वटा कार्यक्रम कार्यान्वियन गरी ११ करोड ९३ लाख ३७ हजार भुक्तानी भएको देखिन्छ ।कतिपय कार्यक्रम साझेदार संस्था मार्फत कार्यान्वियन गरी आएको तर यस्ता साझेदार संस्थाहरुको लागत सहभागीता नरहेको तर अनुदान रकम यी संस्थाहरुको खातामा जाने गरेको देखियो यसरी दिएको, अनुदानको भौतिक प्रगती अनुसुची २ को ढाँचामा दिने नगरेको कार्यविधिको नियम १० अनुसार लाभग्राहीले दोहोरो नलिएको एकीन नगरी कार्यक्रम कार्यान्वियन हुने गरेको, एकपटक अनुदानबाट लाभान्वीत भएपछी न्युनतम विगत २ वर्षदेखि यस्तो अनुदान नलिएको एकीन गर्न नसकीएकोले अनुदान प्राप्त आवेदक नगरपालिकामा एउटै रहेका (जस्तै मौरी) ले कार्यक्रम छनोटमा लाभग्राहि समुह दोहीरिने देखिन्छ । अत: यसरी लाभग्राहीलाई जाने अनुदानको कार्यान्वियन लाई उत्पादन संग आवद्ध गरी उत्पादनका आधारमा (जस्तै दुधमा रु ५ प्रतिलिटर) अनुदान सोझै लाभग्राहीको खातामा भुक्तानी दिने कार्यक्रम कार्यान्वियन गर्ने अनुदान वितरण मोडेल लागु गर्न सकेमा लाभ लागत विश्लेषण सहित वितरीत अनुदानको उचित सदुपयोग एकिन गर्न सकिने देखिन्छ ।

७६.४ नगरपालिकाको आ व २०८०।८१को राजश्व परीचालन सम्बन्धी नीति तथा कार्यक्रमको बुदा नं १०१मा नगरपालीका क्षेत्र रहेका सामुदायीक वनहरुले आफ्नो वार्षिक स्वीकृत कार्ययोजना अनुसार घाटगद्धी गरेर विक्री गरेको काठ दाउरा लगायतका वनजन्य आयको १० प्रतिशत रकम नगरपालिकाको संञ्चितकोषमा जम्मा गर्ने व्यवस्था गरेको, सामुदायिक वन उपभोक्ता समुहले काठ वनजन्य वस्तु वार्षिक कार्ययोजना स्विकृत गराई सो अनुसार आय आर्जन गर्दै आएको अवस्था छ । तर नगरपालिकाले तोकेको दरवन्दी अनुसारको आय नगरपालीकाको सञ्चितकोषमा दाखिला गरेको देखिएन । स्थानिय सरकारको अधिकारको सूचिमा रहेको उक्त आय श्रोतको कर अविलम्व असूल गर्नुपर्दछ ।

७६.५ **मासू प्रवर्धन कार्यक्रमः** स्थानिय तह विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१को नियम ६ अनुसार अनुदान प्रतिशत र सीमा तोकी कृषि पूर्वाधार विकास तथा उत्पादन सामाग्री वितरण अनुदान कार्यान्वियन गर्न सक्ने व्यवस्था गरेको छ ।

नगरपालीकाले मासू प्रवर्धन कार्यक्रम कार्यान्वयनका लागी नीजी नाफामूलक कृषि फर्म श्री डि . एम पि सि एग्रो फर्मसंग पाडा खरीद कार्यक्रमको रु ४३४७४०३ को ५०% लागत साझेदारीमा अनुदान कार्यान्वयन गरी भुक्तानी दिएको देखियो । प्रस्ताव अनुसार नगरपालिकाबाट रु २१७३७०१ लागत साझेदारी संझौता अनुसार ८० वटा दुध र मासूका लागी पाडा खरीद गरेको भनी सुल्तान सप्लायर्स रौतहट र नदिम चौपाय केन्द्रको विल राखी भुक्तानी हुदा पशुहरुको स्वास्थ्य परीक्षणको भेटेनरी प्रमाणपत्र केरमेट गरी ( ५८ वटा खरीद देखिएको )घटी संख्यामा पाडा खरीद भएको एवं २२ वटा घटी पाडा पाडीको विमा भएको ( ८० मध्ये ५८ वटा पाडाहरुको र वाँकी अन्य पशुको ) विमा पोलीसी संलग्न रहेको प्रमाण देखियो । यसरी घटी खरिद भएका २२ पाडहरुको प्रतिपाडा १८९६० दरले हुने रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१७,१२० |

७६.६ **डिप वोरिङ्ग निर्माणः** स्थानिय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ ले कृषि पूर्वाधारमा ८० प्रतिशत सम्म अनुदान दिने गरी लागत सहभागितामा उपभोक्ता मार्फत सिंचाई कार्यक्रम कार्यान्वयन गरी न्युनतम २० प्रतिशत उपभोक्ता बाट लागत सहभागिता रहनेगरी कार्यविधि कार्यान्वयन आएको तथा नीति तथा कार्यक्रमको बुदा नं ४९ ले समेत न्युनतम १० प्रतिशत लागत साझेदारी रहने उल्लेख गरेको छ । यसरी संझौता बमोजिम कार्यान्वयनमा आएका कृषि संरचना सवलेटमा ठेकेदार मार्फत गराउन नपाईने गरेमा कार्वाही हुने सार्वजनिक खरिद नियमावलि २०७४ मा उल्लेख छ । समता कृषक समुह र सोमेश्वर रेशम कृषक समुहलाई सिचाई प्रवर्धनका लागी २ वटा डिप वोरिङ कार्यको ५० प्रतिशतले हुने क्रमश: १५ लाख र २० लाख मा नगरपालिका अनुदान उपलब्ध गराउने गरी सम्झौता भएको छ। उक्त समुहले उक्त डिप वोरिङ्ग निर्माणको लागी महाकाली मल्टी एग्रो (पा नं ६०७२२४०४५) मार्फत् निर्माण कार्य सवलेटमा दिई ठेकेदारले उक्त योजनाको कार्य सम्पन्न गरी समता कृषक समुहले रु १४४९७८७ तथा सोमेश्वर रेशम कृषक समुहलाई रु.१९४५३७१।- मालसामानको समेत एउटै विल राखि भुक्तानी माग गरेको, ठेक्का कार्यान्वयन गर्दा वोर होलको लोअरिङ्ग ग्याप पेश नगरेको, GEO Status देखिने गरी Status report, पानीको discharge flow सर्टीफिकेट, पानीको सतह एकिन गरेको हाईड्रोलोजिकल ग्राफ लगायत डिप वोरिड्ग dril गर्दा उल्लेख गर्नुपर्ने प्राविधिक पक्ष एकिन गरेको प्रतिवेदन पेश नगरी भुक्तानी दिएको उपयुक्त देखिएन ।

## ७७ सफ्टवेयर खरिद

सार्वजनिक खरिद नियमावली 2064 को नियम 3 अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजस्व प्रणाली संञ्चालनका लागी रु.९९६६६ र योजनाको वि एम एस प्रणालीको लागी रु१४९९५१ समेत जम्मा रु.२४९६१७ वरावरका २ सफ्टवेयर खरिद गरेकोमा ति सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत समेत लिएको देखिएन । सफ्टवेयर खरिदको आवश्यकता सो को लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

## ७८ समानीकरण अनुदान

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरवन्दिका शिक्षकको तलव, सशर्तवाट तोकिएका स्विकृत कार्यक्रमको खर्च सशर्त अनुदानवाट उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले विद्यालय शिक्षक, कर्मचारी तथा

कार्यक्रमको लागी आन्तरिक श्रोतवाट खर्च नगरी समानिकरण अनुदानवाट खर्च लेखेको नियमसम्मत नदेखिएन । पालिकाले वजेट तथा कार्यक्रममा आन्तरिक श्रोतको व्यवस्था गरी खर्च लेख्ने गर्नुपर्दछ ।

| शिर्षक | खर्च रकम | विवरण ( गो भौ नं ) |
|---|---|---|
| सुत्केरी सट्टा शिक्षक व्यवस्थावन अनुदान | २३४३६९ | ३७८।८।६, ६०८।१०।९ , ९२५।१२।२२ , १३७९।३।२३ |
| विद्यालय सहयोगी कर्मचारीलाई थप पारिश्रमिक अनुदान | १९८२५०० | ३०९, ६१५ , ७२५ , ८८५ , ११२५ , १२९८ |
| प्रारम्भिक वाल विकासका लागी पारिश्रमिक थप अनुदान | ७२०९०६० | ३०९, ३१६ , ३९७ , ५३६ , ६१५ , ७३५ , ८८५ , १०७७ , ११२५ |
| जम्मा | ९४२५९२९ | |

## ७९ क्रसर तथा हेभि ईक्विपमेन्ट सञ्चालन व्यवस्थापन

नगरपालिकामा रहेका हेभि ईक्विपमेन्ट डोजर लोडर एक्साभेटरहरु कार्यालयको कार्य वाहेक आय आर्जन गर्ने गरी भाडामा दिन सकिने व्यवस्था अनुसार सोको सञ्चालन तथा निर्माण कार्यको व्यवस्थापन गर्दै आएको पाईन्छ । क्रसर तथा हेभि ईक्विपमेन्ट सञ्चालनका लागी पालिकाले निम्नानुसारमा जम्मा रु.४,७९,००,००० विनियोजन भई रु.४,४८,१४,६३० खर्च भएको विवरण पेश भएको छ । यसमध्ये हेभि ईक्विपमेन्टको मर्मतको लागी मात्र रु.३५९००००० बजेट विनियोजन गरी जम्मा रु.३४८३९७४९ खर्च भएकोमा सो मध्ये जम्मा रु.१७३६०८६।८० को मात्र ठेक्का लगाएको पाईयो । सो सम्वन्धमा खरिद प्रकृया मितव्ययी प्रतिष्पर्धि र व्यवस्थित गराउन पालिकाले ध्यान दिनुपर्ने देखिएको छ । त्यस्तै यसरी सञ्चालन गरेको मेशिन तथा हेभि ईक्विपमेन्टवाट वार्षिक रुपमा जम्मा रु.३६५२६२११.६ आम्दानी भएको छ । नियमित आम्दानी भन्दा आकस्मिक मर्मत संभार खर्च र मेशिन चालक, ड्राईभर लगायतमा भएको खर्च समेतलाई ध्यान दिई साधनको उपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| शिर्षक | कर्मचारी खर्च | | सवारी साधन मर्मत खर्च | |
|---|---|---|---|---|
| | वजेट | खर्च | बजेट | खर्च |
| पारिश्रमिक कर्मचारी करार ज्यालादारी हेभी इक्युपमेन्ट | १२०००००० | ९९७४८८१ | ३५९००००० | ३४८३९७४९ |
| जम्मा कर्मचारी तथा सवारी मर्मत खर्च | ४, ४८ , १४ , ६३० | | | |

## ८० मसलन्द तथा कार्यालय सामाग्रि

सार्वजनिक खरीद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले वस्तु वा सेवा खरीद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरीद गर्नु हुदैन भन्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा रु. १० लाख रुपैया सम्मको खरीद कार्य सोझै गर्न सकिने रु. १० लाख भन्दा माथि रु.२० लाख सम्म शिलबन्दि दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एंवम एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस आ.व. मा कार्यालयको दैनिक प्रयोगमा ल्याइने सामाग्री खर्च मसलन्द कार्यालय सामाग्री शिर्षकमा रु.३० लाख वजेट विनियोजन गरी रु.२१,५९,६३६.०० को खरिद कार्य प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरीद गरेको पाईयो । अतः प्रतिस्पर्धात्मक विधि अपनाई खरीद सीमाभन्दा बढी रकमको खरिदलाई प्रतिस्पर्धात्मक एवं पारदर्शि बनाउन सोझै खरिद गर्न प्रवृतिमा सुधार हुनुपर्दछ । केहि उदाहरण निम्न छन् ।

| क्र.सं. | मिति | भौ. नं. | भुक्तानी पाउने | खर्च रकम |
|---|---|---|---|---|
| १ | २५/०६/२०८० | १७२ | क्षितिज पुस्तक पसल लगायत | १, ०६ , ९५५.०० |
| ७ | ०४/०८/२०८० | ३४४ | सलिना स्टोर्सर नोयन भाडा पसल | १, २० , ८००.०० |
| ८ | ०६/०९/२०८० | ४९७ | न्यू भुर्तेल किराना सप्लायर्स | १, ०४ , ३१५.०० |
| २१ | २२/१२/२०८० | ९२२ | युनिक कम्प्यूटर सेन्टर | २, ०३ , ८९०.०० |
| २४ | २०/०२/२०८१ | ११९३ | न्यू भुर्तेल किराना सप्लायर्स | १, ०२ , ५०५.०० |
| २५ | २२/०२/२०८१ | ११४८ | सलिना स्टोर | २, १४ , ९४०.०० |
| २८ | २०/०३/२०८१ | १२८१ | सिटी सप्लायर्स | ४, ६४ , ६५६.०० |
| ३० | २०/०३/२०८१ | १३०० | क्षितिज पुस्तक पसल | १, २७ , १७०.०० |

८१ **सम्पत्ति कर तथा व्यवसाय कर**

आ.व. २०८०।८१ मा सम्पत्ति कर तिर्ने प्रयोजनका लागी राजस्व व्यवस्थापन प्रणालीमा प्रविष्ट भएका जम्मा करदाता १५२८१ रहेको र २०८०।८१ कर तिर्न वाँकि करदाताको लगत ७९०३ रहेको पाईयो । त्यस्तै व्यवसाय करतर्फ राजस्व व्यवस्थापन प्रणालीमा प्रविष्ट भएका जम्मा करदाता १४७२ रहेकोमा आ व २०८०।८१ मा कर तिर्न वाँकि करदाताको वक्यौता लगत ८११ रहेको पाईयो । पालिकाले उल्लेखित आफ्नो क्षेत्रभित्रका करदाताको लगत अद्यावधिक गर्न सकेको छैन । आफैं दर्ता भएका करदाताहरुले तिर्न वाकि कर अद्यावधिक गरी समयमै कर दाखिला गराउने र पालिकाको आन्तरिक आम्दानी बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

८१.१ **व्यवसाय करः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ मा पालिकाले आपफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय गर्ने व्यवसायीसँग व्यवसाय कर उठाउने व्यवस्था छ । नमुना परीक्षणका क्रममा नगरपालिकाका निम्नानुसारका करदाताले हालसम्म कर नतिरेको र पालिकाले समेत यस विषयमा कुनै कदम नचालेको पाईयो । कर तिर्न वाँकि करदाताको विवरण अद्यावधिक र अन्तिम मुल्यांकन गरी सम्वन्धितवाट व्यवसाय कर असुल गर्नुपर्ने देखिएको रु.

| क्रस | व्यवसायको नाम | करदाता संकेत | बक्यैता रकम |
|---|---|---|---|
| १ | सुर्योदय कृषि सहकारी संस्था लि० | 08-31-0102 | १९००० |
| २ | दुर्गा फर्निचर | 06-31-0219 | १०००० |
| ३ | चित्रवन यूनिक केवुल टेलिभिजन प्रा०लि० | 03-10-0038 | ९००० |
| ४ | चित्रवन यूनिक नेट प्रा०लि० | 03-10-0040 | ९००० |
| ५ | चित्रवन पोल्ट्री एण्ड एग्रो रिसर्च फार्म प्रा०लि० | 08-10-0017 | ९००० |
| ६ | गुडलुक्स ब्युटी पार्लर | 04-02-0010 | ४००० |
| ७ | माउण्ट घुम्टे ग्रुप प्रा०लि० | 08-27-0076 | ६००० |
| ८ | अर्थ हलेसी कृषि प्रा०लि० | 00-01-0120 | ६००० |
| ९ | ग्रिन नेपाल एग्रिकल्चर प्रा०लि० | 02-08-0063 | ६००० |
| १० | श्रीकृष्ण फर्निचर उद्योग | 06-06-0112 | १०००० |
| | जम्मा | | ८८००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८८,००० |

८१.२ **सम्पत्ति करः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५५ मा पालिकाले आफ्नो क्षेत्रभित्र सम्पत्ति कर उठाउने व्यवस्था छ । नमुना परीक्षणका क्रममा नगरपालिकाका निम्नानुसारका करदाताले हालसम्म सम्पत्ति कर नतिरेको र पालिकाले समेत कर असुलीमा कुनै कदम चालेको देखिएन । कर तिर्न वाँकि करदाताको विवरण अद्यावधिक गरेर सो विवरणका आधारमा अन्तिम मुल्यांकन गरी सम्वन्धितवाट एकिकृत सम्पत्ति कर असुल गर्नुपर्ने देखिएको रु.

| | नाम | हालको ठेगना | करदाता संकेत | जग्गा विवरण | बक्यैता रकम |
|---|---|---|---|---|---|
| १ | सिताराम महतो | माडी ३ | 03-31-0036 | 04/08/2013 | ८०८०० |
| २ | आईति देवि गुरूङ | भरतपुर महानगरपालिका 10 | 00-01-0026 | 2-17-15.5 | १८२८० |
| ३ | मन्दिर शं.ज.व. राणा | ललितपुर महानगरपालिका | 00-27-0039 | 6-0-1.6525 | ३६९४८ |
| ४ | सोविता सुवेदी | भरतपुर महानगरपालिका | 00-31-0303 | 4-13-9.5 | २८७७७ |
| ५ | श्री विश्वशान्ति | | 00-36-0011 | 0-15-0 | ८१७४ |
| ६ | रोयल ल्याण्ड इन्भेष्टमेन्ट कम्पनी प्रा॰लि॰ | भरतपुर महानगरपालिका | 00-29-0264 | 1-12-10.5 | ७०५४ |
| ७ | इको टुरीजम एण्ड बायोडाईर्भसीटी कन्जरभेसन नेपाल | | | 5-15-15 | १३४७२ |
| ८ | श्री न्यु जेन एग्रो फार्म प्रा॰ली | माडी २ | 02-31-0238 | 03/08/2002 | ११९८३ |
| ९ | चित्रवन पोल्ट्री एण्ड एग्रो रिसर्च फार्म प्रा॰लि॰ | माडी ८ | | 1-19-7 | ८९३९ |
| १० | त्रिदेव संबृद्व | | | 1-14-18 | ५३३७ |
| | जम्मा | | | | २१८९६४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१८,९६४ |

## ८२ सूचना प्रकाशन तर्फ

विज्ञापन नियमन गर्ने ऐन २०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६(क) को उपदफा ३ र ४ बमोजिम तीन प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था रहेको छ । यस वर्ष सुचना प्रकाशन (छपाई समेत) मा कुल जम्मा रु.२८ लाख १९ हजार खर्च लेखेको छ । विज्ञापन खर्चको भुक्तानीमा उक्त व्यवस्था बमोजिम कोषमा रकम जम्मा गरेको देखिएन। नियममा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

## ८३ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण लगतकट्टा तोकिएको मिति भित्रै सम्पादन गर्नुपर्ने व्यवस्था छ । रोष्टरका लागी लाभग्राहीलाई परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता बैक मार्फत वितरण गर्नुपर्ने, नियमित रुपमा अनुगमन गर्नुपर्ने केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरि अध्याबधिक गर्ने जस्ता जिमेवारी समाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ । लेखापरीक्षण योजना अनुसार ३ वडाको वितरण अवस्थाको तथ्याङ्क परिक्षण गर्दा बैंक मार्फत वितरण गरेको विवरण यसप्रकार छ।

| वार्षिक जम्मा विवरण | | | | | |
|---|---|---|---|---|---|
| बजेट | सामाजिक सुरक्षा निकाशा | सामाजिक सुरक्षा खर्च | मौज्दात | फिर्ता | संख्या |
| २०१८०५८४० | २०१६४३००४ | २०१६४३००४ | १६२८३६ | ५७९८६४ | ५३४३ |

उपरोक्त सामाजिक सुरक्षा वापतको त्रैमासिक रुपमा देहायअनुसार वैंकमार्फत् भुक्तानी भएको देखिन्छ ।

**(विस्तृत विवरण बेरूजु दफा ८३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ८४ विल भरपाई

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ। नगरपालिका आकस्मिक कोष तथा नगरपालिका चालुबाट विभिन्न कार्यक्रम सञ्चालन गरि भुक्तानि भएकोमा सम्बन्धित विल भर्पाई तथा संलग्न कागजात नभएकालेम सोको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो भौ नं/ मिति | नाम | रकम रु |
|---|---|---|
| ९। २०८०। ०२।०२ | शिखरइन्सुरेन्स कम्पनी लिमिटेड वडा ६ , ७ , ८ , ९ बिमा पोलिसि भएतापनि विमा कर विजक नरहेको | ५९३७५ |
| ३०। २०८०। ०५।२९ | मेलमिलाप र विवाद समाधान वापत नगरस्तरीय मेलमिलाप केन्द्लाई भुक्तानी ( कार्यविधि , नगरकार्यपालिकाको निर्णय र भर्पाई नभएको ) | ८९२०० |
| १३०। २०८०। ०६।२५ | कोटेसन बाट शुभकामना सप्लायर्स विजक नं ३२बाट स्थानीय पाठ्यपुस्तक कक्षा१ कक्षा२ कक्षा३ छपाईबापत( ७७२५८१ ) खर्च भएको मा भर्पाई तथा स्टोरको मौज्दात अनुसार कक्षा १ को ४ र कक्षा ३ को ४४ गरी ४८ पुस्तको भर्पाई र मौज्दात नरहेको , सम्झौता नरहेको । | १३५१२ |
| ३३२। २०८०। ०७।२४ | प्रारम्भिक बालविकास ( प्याउली ) फर्निचर तथा बालविकाश सामाग्री खरीद दाखिला प्रतिवेदन नरहेको | ३५०००० |
| | जम्मा | ५१२०८७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१२,०८७ |

## ८५ धरौटी

धरौटीतर्फ गतबर्ष जिम्मेवारी सरी आएको रु १०५५१२५९२ यो बर्षको आम्दानी रु ७५९८१९० यो वर्ष फिर्ता खर्च भएको ५७०४०५४ घटाउँदा रु १२४४५३९५मौज्दात रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ६६(१) ले कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ बमोजिम दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्वन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४(२) मा निर्माण व्यवसायी आपुर्तिकर्ता तथा सेवाप्रदायकले आन्तरीक राजश्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश गरेपछि रिटेन्सन मनि फिर्ता दिनुपर्ने उल्लेख छ । पालिकाले निम्नमअनुसार फर्महरुको धरौटी फिर्ता दिँदा आय विवरण पेश गरेको प्रमाण/मु अ कर समायोजन प्रमाण वेगर भुक्तानि गरेको देखिएकोले मु अ कर समायोजन पेश गर्नुपर्ने रु

| गो भौ नं/ मिति | नाम | रकम रु |
|---|---|---|
| २।२०८०।०४।२ | भरतपुर मौरीपालन | ७५१२० |
| ३।२०८०।०४।२८ | आर एन सफल कन्ट्रसन एण्ड सप्लायर्स प्रा ली | ५६४३९ |
| ६।२०८०।५।०१ | आर एन सफल कन्ट्रकसन एण्ड सप्लायर्स प्रा ली | ७२१९८ |
| ८।२०८०।०५।१२ | पाठक कन्ट्रकसन एण्ड सप्लायर्स प्रा ली | ६२१२५१ |
| ११।२०८०।०५।२७ | आर एन सफल कन्ट्रकसन एण्ड सप्लायर्स प्रा ली | ४९३२६७ |
| १८।२०८०।७।२१ | न्यु माडि फर्म हाउस | २२५०० |
| २०।२०८०।०८।१५ | सुर्य लक्ष्मी कन्ट्रकसन प्रा लि | ५०००० |
| २५।२०८०।०९।१२ | साविक एण्ड अल्पस कन्ट्रकसन जोयन्ट भेन्चर | २१७२८१४ |
| ३७।२०८०।११।१५ | मामाभान्जा हार्डवेयर | १८००० |
| ३७।२०८०।११।१५ | सुर्यकिरण फाईबर ईण्डष्ट्रज | २१००० |
| ३७।२०८०।११।१५ | स्याण्डबिच होमसोलुसन | २०५०० |
| ३७।२०८०।११।१५ | डालिमा इन्टरनेशनल प्रा लि | २१००० |
| ३८।२०८०।११।१६ | पाठक कन्ट्रकसन एण्ड सप्लायर्स प्रा ली | १००००० |
| ४१।२०८०।१२।२ | एल एस एस इन्टरप्राइजेज | ६३५७५ |
| ४४।२०८०।१२।१५ | ओम प्राङ्गारिक कृषि तथा नर्सरी | २८७२१ |
| ४८।२०८१।१।१० | सुनिता निर्माण सेवा | २२०८० |
| ५३।०२।२० | वेलकम ट्रेडिङ कन्ट्रसन | २१२८४ |
| ५३।०२।२० | प्रियांश इन्टरप्राइजेज | ४०८२५ |
| | | ३९२०५७४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,२०,५७४ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : माडी नगरपालिका, चितवन , माडी नगरपालिका , चितवन

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जगत् प्रसाद भुसाल | २०८१-११-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विश्व ज्योती कोईराला | २०७७-४-१ | २०८०-६-२९ |
| लेखा प्रमुख | हरि शरण सोती | २०८०-६-३० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,४२४,२७४ | १४,३७४,००१ | ६,०९२,९१७.९५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २३,८९१,१९२.९५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,४३२,२०५.९५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २१,४५८,९८७ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४९४५०९२६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ६६१४१३०९९ | चालु खर्च | ५०९८८७२६४ |
| प्रदेश सरकारबाट अनुदान | ८३०२७०६३ | पूँजीगत खर्च | २६८४९७१०८ |
| राजश्व बाँडफाँट | १९४१०८९६४ | वित्तीय/अन्य व्यवस्था | २५२१२८६४८ |
| आन्तरिक आय | ६३३११०११ | | |
| अन्य आय | ११८२१०२० | | |
| कुल आय | १०१३६८११५७ | कुल खर्च | १०३०५१३०२० |
| बाँकी मौज्दात | | ३२६१९०६३ | |

## अनुसूची - २

## बेरूजु दफा ८३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| वडा | प्रथम त्रैमासिक | | | | दोस्रो त्रैमासिक | | | | तेस्रो त्रैमासिक | | | | चौथो त्रैमासिक | | | | फिर्ता रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निकाशा | | वितरण | | निकाशा | | वितरण | | निकाशा | | वितरण | | निकाशा | | वितरण | | |
| | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | |
| १ | ८३५ | ८०७९११५९ | ८३५ | ८०७९११५९ | ८४९ | ८२२४०८१ | ८४९ | ८२२४०८१ | ८४४ | ८१६२४५० | ८४४ | ८१६२४५० | ८४९ | ८२०६६४५ | ८४९ | ८२०६६४५ | 0 |
| ६ | ७६५ | ६९७३२८५ | ७६५ | ६९७३२८५ | ७७१ | ७००९४४० | ७७१ | ७००९४४० | ७७३ | ७०२७९२६ | ७३३ | ७०२७९२६ | ७८० | ७१३८४८१ | ७८० | ७१३८४८१ | ० |
| ४ | ४२७ | ४२६९२३९ | ४२७ | ४२६९२३९ | ४२८ | ४२७७५६० | ४२८ | ४२७७५६० | ४३१ | ४३०६९५८ | ४३१ | ४३०६९५८ | ४३८ | ४३५६८८७ | ४३८ | ४३५६८८७ | ० |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्ने तथा सो को विवरण सार्वजनिकरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको, बचत-क्रण कारोवारको अवस्था सुनिश्चित गर्नुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- कर्मचारीको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषमा रकम खर्च गर्दा नियमानुसार गर्नुपर्ने योगदान सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, सामयिक प्रतिवेदन नदिने र प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन समेत नभएकोले आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा पदपूर्ति गर्ने र सेवा करारबाट लिइने कर्मचारीको व्यवस्थापन गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक निर्माण कार्यको सामाजिक परीक्षण गर्नुपर्दछ।
- पालिकाले सबै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गरी स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।
- अनुगमन कार्यलाई कार्यक्रम कार्यान्वयनसँग सम्वन्धित शाखामा केन्द्रित गरेर औचित्य विश्लेषण गरेर मात्र अनुगमनको दायित्व भुक्तानी हुनुपर्दछ ।
- पालिकामा निर्माणाधीन प्रशासकिय भवन, वडा कार्यालय लगायतका संरचना समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।
- स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन २०७५ को परिधिभित्र रहेर ईन्धन, अनुगमन भत्ता, भ्रमण खर्च लगायतका सुविधा भुक्तानी गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।